# म को हुँ ?

(१९८६-९२ मा लिखित कविताहरूको संग्रह)

पवन चामलिङ 'किरण'

प्रकाशक :
निर्माण प्रकाशन
सिक्किम

प्रकाशिकाः
**श्रीमती टिका चामलिङ**
घुर्बिसे (नाम्ची).
दक्षिण सिक्किम, ७३७१२६
दूरभाषः २८४

सर्वाधिकारः लेखकमा सुरक्षित

प्रथम संस्करणः मार्च १९९३
दोस्रो संस्करणः १९९५

मूल्यः रू० ४०/-

लेजर कम्पोजिंग एवं मुद्रकः
मॉर्डन दीपक प्रेस
एस० १७/२७२ नदेसर, वाराणासी, क्याण्ट।
३४२८९४

## समर्पण

जिन्दगीभरि दुःख-दर्द, पानी-झरी, भीर-पहरा केही नभनी रात-दिन एक बनाएर आफ्ना छोरा-छोरीको भविष्य निर्माणमा आफ्ना सब-थोक सुख र ऐश-आरामलाई तिलाञ्जलि दिनुभए बापत् आज म यस दुनियाँमा तपाईंहरूको दुःखसम्म बुझ्ने भएको छु र तपाईंहरू झैं लाखौं, करोड़ौं हदभोगी माता-पिता, जसले जिन्दगीभरि शोषण, दमन, अन्याय, अत्याचार र गरीबीसँग जुझेका छन्; भोक, र शोकसँग लड़ेका छन्- उनैहरूको मुक्ति, सुरक्षा र शान्तिको निमित्त मैले कविता लेखेको छु। यी कविताहरूमा मैले तपाईंहरूकै कथा-व्यथा व्यक्त गरेको छु।

यो कविता संकलन उनै मेरा जिउँदा ईश्वरद्वय परमपूज्य मामा-पापा- श्रीमती आशरानी र श्री आशबहादुर चामलिङका चरणकमलमा सश्रद्धा एवं भक्तिपूर्वक समर्पण गर्दछु।

छोरा
पवन चामलिङ

## *मैले भन्नैपर्ने हुँदा*

मेरो यो तेस्रो कविता-संकलन 'म को हुँ'? को प्रकाशन-सम्बन्धी केही भन्नैपर्ने वाध्यतावश यी शब्दहरू प्रस्तुत गर्न लागेको छु। यसमा संकलित सबै कविताहरू 'अन्तहीन सपना : मेरो विपना' – पछि १९८६ सालदेखि यता यसो समय पाएको बेला मनमा उठेका तरंगहरूलाई मूर्त रूप दिई कविताको रूपमा व्यक्त गरिएका हुन्। अघिल्ला मेरा दुई कविता-संकलनहरूले जस्तै यसले पनि तपाईंहरूबाट आत्मीयता पाउला भन्ने मलाई आशा र विश्वास पनि छ।

कविता-साहित्यको स्वरूप व्यापक र गहिरो हुन्छ जसलाई आराधना गर्ने म त एख क्षुद्र साहित्यिक व्यक्ति मात्र हुँ। कविता के हो, यो त म केवल अनुभव गर्छु। यी कविताहरू कस्ता भएका छन्, यो विषय मैले सबै विज्ञ पाठकवर्गमा छाड़िदिएको छु। मैले साहित्यको फूलबारीमा कवितारूपी केही विरूवा थप्ने काम मात्र गरेको हुँ वा भनूँ नेपाली साहित्य-मन्दिरको गजुर-निर्माणमा एक-दुई इँटा भए पनि थप्ने, होस्टेमा हैंसे गरेको मात्र हुँ।

मेरो कविताहरू कतिपय समालोचकहरूले 'प्रगतिवादी' भनी वर्गीकृत गरेका छन्। त्यसलाई म अस्वीकार गर्दिनँ। आफूजस्तै आम-जनताका दुःख-तकलिफ र पीर-मर्काबाट उत्पन्न मानसिकताको कारणले नै मेरो कविता-लेखनमा यसो हुनगएको हो भन्ने मलाई लाग्छ। 'सर्वजन हिताय सर्वजन सुखाय' -मै 'स्वान्त सुखाय' हुनेहुन्छ र 'कला कलाको निम्ति' मात्र नभई 'कला जीवनको निम्ति' हो र हुनपर्छ भन्ने बारे मेरो दृढ धारणा छ। तर यसो भन्नुको तात्पर्य साहित्य एवं कलामा 'फोटोग्राफई'-को पक्षमा म छु भन्ने होइन, नकि उपदेश वा वक्तव्य अथवा नारावाजीलाई, न शाब्दिक अभिव्यक्तिको शिल्पकारीलाई नै म कविता ठान्छु! कविता त भौतिक जगत्का घात-प्रतिघातद्वारा मानसिक (बुद्धि र ह्रदय दुवै)- मा उत्पन्न संघातको भाषिक अभिव्यक्ति हो। संकलित कविताहरूको जन्म यसरी नै मबाट भएको छ। समालोचकको कार्य हो हेर्ने-मेरो यो 'स्वान्त' कत्तिको निःस्वार्थ र व्यापक बनेको छ अनि 'सुख' चाहिं कत्तिको 'सर्वजन हिताय' र सामाजिक, जो म आफै भन्न सक्तिनँ।

दोस्रो, मेरा कवितामा 'विद्रोहात्मकता' खुट्याउने समालोचकहरू पनि छन्। मलाई लाग्छ-दूधे बालख कुनै विमारी नभईकन झगड़ा गर्नु

रूनुमा यही 'विद्रोहात्मकता' प्रेरक तत्वको रूपमा रहेको हुन्छ, तर जो स्वभाव बन्नु चाहिं नराम्रो हो। विद्रोहको लागि नै विद्रोह चाहिं हुनुहुँदैन। 'विद्रोह' मात्रै किन र, 'क्रान्ति' पनि साधन हो-आफैमा सोध्य होइन। यहाँ म 'रचना' मात्रै नभई 'सिर्जना'- को निम्ति गीता-ले भनेजस्तै 'युद्ध' चाहन्छु। यो 'द्वन्द्व' लाई मन परेन भन्दैमा अस्वीकार गरेर हुँदैन।

मेरा कवितामा यी दुई तत्व हुनुलाई स्वीकार्दै स्पष्टीकरणस्वरूप यत्ति मलाई भन्नु परेको हो। 'कवि' कहलाइने मेरो ध्येय होइन। तर अभिव्यक्तिको निम्ति मैले 'कविता'-लाई रोज्नुको कारण यो मलाई 'प्रिय' भएर नै हो, अनि मलाई प्रिय हुनुको कारण 'अप्रिय' वस्तुलाई पनि कविताले 'श्रेय' र 'प्रेय' दुवै तुल्याइदिंदछ र नै हो।

अन्त्यमा, यस पुस्तकको प्रस्तावना देखिदिने विद्वान साहित्यिक श्री रामप्रसाद मैनालीप्रति ज्यादै आभारी छु, र साथै कविता र साहित्य भन्ने बुझेर सँधै आन्तरिक ह्रदयबाटै सहयोगी बनिदिने मेरो प्रिय टिमालाई धन्यवाद व्यक्त गर्दछु।

बनारस
९ जनवरी

*पवन चामलिङ 'किरण'*

# भूमिका

प्रस्तुत कविता-संग्रह 'म को हुँ?' मा कवि पवन चामलिङ किरण- का सन् १९८६ देखि -९२ भित्र लेखिएका जम्मा ४१ वटा कविताहरू संगृहीत छन्। उनका प्रकाशित दिई कविता-संग्रह १. **'प्रारम्भिक कविताहरू'** (जो उनको दोस्रोभन्दा ५ वर्षपछि प्रकाशित भएको थियो सन् १९९१ मा) र २. **'अन्तहीन सपना : विपना मेरो'** (सन् १९८६) — पछिका कविताहरूको संग्रह हो यो।

उनको **'प्रारम्भिक कविताहरू'** - का सहज, संवेदनशील, भावुकतापूर्ण, सुधारात्मक, स्वच्छन्दावादी (Romantic) साथै भर्खरको कवि -ह्रदयबाट प्रस्फुटित कविता **'अन्तहीन सपना : मेरो विपना'** - मा आइपुग्दा आफ्नो स्वाभाविक गतिशील परिष्कृतिका साथ निक्कै विद्रोह, प्रगतिवादी र क्रान्तिकारी समेत देखापरेका कवि 'म को हुँ?'- मा तिनै काव्य-प्रवृत्तिको अझ सुदृढ़ता र परिमार्जन मा्तर नभई अभिव्यक्तिमा पनि एउटा बेग्लै किसिमको आफ्नै शैली स्थापित भइसकेको तथ्य पर्तग्यै छ। यसमा संगृहीत, विशेष गरी पछिका कविताहरू भाव र शिल्प दुवैमा निःसन्देह आधुनिक छन्। कवि 'किरण' - मा मनग्ये कवि-प्रतिभा छ भन्ने तथ्य त उनका अघिल्ला कविता-संग्रहहरूले नै प्रमाणित गरिसकेका थिए, र 'अन्तहीन सपना : मेरो विपना'- ले उनलाई नेपाली साहित्यमा सिक्किमको प्रतिनिधित्व गर्ने एक प्रमुख कविको रूपमा स्थान दिलाएको थियो भने यस कविता-संग्रह 'म को हुँ?' - ले सिक्किमे मात्र होइन तर सम्पूर्ण भारतीय नेपाली कविता-साहित्यकै क्षेत्रमा पवन चामलिङ किरण - लाई एउटा छुट्टै अर्थात विशिष्ट कवि-व्यक्तित्व प्रदान गरेको छ।

आजभन्दा प्रायः ४३ वर्षअघि सन् १९५० मा दक्षिण सिक्किमको राङगाङ बस्तीमा जन्मेका पवनकुमार चामलिङको 'वीरको परिचय' सिक्किमको राजधानी गान्तोकबाट त्यति बेला प्रकाशित हुने पत्रिका **'कञ्चनजंघा'** - मा सन् १९६८ छापिएको थियो र त्यही नै उनको प्रकाशित सर्वप्रथम कविता हो। आफ्नो 'अन्तहीन सपना : मेरो विपना'-को प्रस्तवनामा लेखिएको छ — "भालेढुंगाको काखमा अवस्थित सानो गाउँको नाम हो राङराङ। यही गाउँमा जन्मेर यहींकै उकाली-ओरालीमा रमाउँदै म जवान भए झैं मेरा कविताहरू पनि यहींकै परिवेश, वातावरण र प्रेरणाले गर्दा नै 'अन्तहीन सपना : मेरो विपना' - ले साकार रूप लिनसकेको स्वीकार गर्छु।" दृश्य त्यही हुँदाहुँदै दृष्टिमा

परिवर्तन आउने गरे तापनि जन्मथलो भइदिएर मात्रै होइन एकलास बस्तीको त्यो सरल, स्वच्छ र शान्त नैसर्गिक वातावरण र त्यो भालेढुंगाको अमेट प्रभाव उनको कवि-जीवनमा परेको स्पष्ट छ। सो ढुंगो उनको कवितामा रातो रंगको भई बास्ने गर्छ कहिलेकाहीं — टिस्टा-रंगीत जस्तै। यसका दुई दृष्टान्त छन् — 'रातो भाले युग-युग बास्छ' र 'मेरो रातो भाले बास्छ' शीर्षक कवितामा।

पवनकुमार चामलिङको व्यक्तित्वका दुई पाटा छन् - साहित्यिक विशेषतः कवि र राजनैतिक। यसमा 'सुधारवादिता' — को आग्रह बीऊ हो। "असक्त सुधारवादी कविता गर्छ " भन्ने हाम्रा मूर्धन्य साहित्यकार बालकृष्ण समको विचारसित सहमति जनाएर भन्ने हो भने पनि 'किरण' का कविताहरूमा त्यो 'असक्त सुधारवादीता' छैन जो पलायनवादी होस्। सन् १९७३ देखि सिक्किमको राजनीतिमा प्रवेश गरी १९८५ देखि विधायक अद्यावधि रहेका र माननीय मन्त्री (उद्योग-वाणिज्य, सूचना एवं जन सम्पर्क तथा छापाखाना विभाग) भएका व्यक्तिको प्रभाव उनको कविमा र उसैगरी उनको कवि-व्यक्तित्वको प्रभाव राजनीतिमा पर्ने नै भयो। त्यसको लेखा-जोखा गरिने समय अहिले भएको छैन। यस प्रसंगमा कुन तथ्य चाहिं स्पष्ट गरिनुपर्ने आवश्यकता छ भने आफ्ना कविताहरूलाई उनले राजनीतिको माध्यम तुल्याएका छैनन्, नत आफ्ना विद्रोहात्मकतालाई नै 'नारा' — को रूप दिएका छन्। यो नै उनको साहित्यक स्वस्थता हो।

दुई युग लामो आफ्नो कविता-यात्रामा सामाजिक असमानता, आर्थिक विषमता, भोक, रोग र शोकग्रस्त आम-जनताप्रतिको अन्याय-अत्याचार, शोषण, दमन र उत्पीड़न, राजनैतिक शक्तिको एकाधिकार, नागरिक अधिकारको उल्लंघन, लोकतान्त्रिक व्यवस्था-विरोध षड़यन्त्र आदिका कट्टर विरोधी छन् कवि 'किरण' भने भाषा, साहित्य, संस्कृति, जाति राष्ट्रको हिमायती हुँदै 'वसुदैभ कुटुम्बकम्' उनको मन्त्र र मानव-स्वतन्त्रता, मानवाधिकार तथा लोकतन्त्रका पक्षपाती उनी हुनपुगेका छन् — जग र जीवनका परिवर्तनकांक्षी कवि! यसैले पनि उनका कविताहरूमा प्रगतिवादी भाव-बोधको घनत्व हामी पाउँछौं, जसलाई केही ओलोचकहरूले यदाकदा इंगित नगरेका होइनन्, जस्तै :-

"युद्ध-भूमिको योद्धा म!
हृदयको धरतीभरि
एक हूल उज्यालो प्रकाशको पल्टन
विचारको आकास भएर आउँदैछ मसँग
अन्धकारको विरोधमा

अन्तिम युद्ध लड्न।"

[म योद्धा युद्धको : 'म को हुँ'? पृष्ठ ३]

वा,

"आज पनि मान्छेको मुटुमा
इतिहासको व्यथा दुख्छ,
आज पनि मान्छेको छात्तीमा
इतिहासको भूँइचालो जान्छ,
र आज मान्छेहरू
हिजोको इतिहासले जन्माएका
रोगहरू लागेर
रोगी जिन्दगी बाँच्दैछन्।

['म बाँच्दैछु' : 'म को हुँ'? पृष्ठ ५७]

अथवा

" नयाँ वर्षहरू –
मान्छेको इतिहासमा नयाँ पुष्ठ
मान्छेको चोखो माया र
साइनोले लेख्नुपर्छ,
र विगतका वर्षहरूमा
मान्छेको रगत र
आँसुले लेखेको इतिहास
हामीले च्यात्नुपर्छ।

[नयाँ वर्षको पहिलो दिनमा : 'म को हुँ' ? पृष्ठ ६६]

साधारणतः पवन चामलिङ किरण आम-जनताका कवि हुन्। उनका कविताहरूबाट बुझिन्छ - उनी 'कला-कलाको निम्ति' (Art for Art sake) नभई 'जीवनको निम्ति' ठान्दछन्। तर यिनमा पछिल्लोले कवितालाई केवल-साधन र अघिल्लोलो चाहिं साध्य संझन्छन् भन्ने ठान्नु सरासर गलत हुन जान्छ, त्यसो भन्नु अघि कसैले पनि कलावादीहरूको मर्मसम्म पुग्नैपर्छ, कमसेकम ए० सी० ब्रेडलीको प्रतिपादनलाई त मनन गरिनैपर्छ। जे होस्, जन-साधारणका कवि हुनाले नाताले 'विद्रोहात्मकता' उनका कविताको अर्को विशेषता हो। अझ अर्को वैशिष्ट्य यस अन्तर्गत पनि के छ भने उनको विद्रोह विद्रोहकै निम्ति

नभई आवश्यकीय सुधारको निम्ति, अनिवार्य परिवर्तनको निम्ति अनि जर्जर भइसकेको यथा स्थितिलाई तोड़ेर देश, काल र परिस्थिति-अनुरूप नव-निर्माणको मात्र नभई सिर्जनाकै निम्ति पनि भएको छ, जस्तै :-

" हाम्रो छोराले
नयाँ संसारको सृजना गरोस्,
विचार र आचारको,
धर्म र कर्मको,
समानता र भाइचाराको;
यस्तो सत्यपुरूष जन्माउनु छ —
यो नयाँ युगमा नयाँ पुस्ता जन्माउन
तिमीलाई वीर्य-दान गर्न सहर्ष मलाई स्वीकार गर प्रिय! "

['वीर्य — दान' : 'म को हुँ'? पुष्ठ ६५]

यहाँनेर 'म को हुँ'? — का कवि 'किरण' आफ्ना कवितागत अभिव्यञ्जनामा यौ (Sex) सम्बन्धी सामाजिक बन्देजहरूलाई पनि तोड्न बाँकी राख्दैनन्, जस्तै —

"आफ्नै तरूणी चेलीहरू
होटलका कमराहरूमा
युक्लिप्टस जस्तै नाङ्गिएको
अतृप्त शान्तोक शहर!"

['गान्तोक : एक पोट्रेट' - म को हुँ? पुष्ठ ३२]

त्यस्तै —

"हस्तमैथुन गरेर
नपुंसक भइसकेको पुरूष पनि
वेश्याको कोठामा मरद भएर जान्छ
अनि पानीजस्तो पातलो वीर्यपात गर्छ।
यस्ताको वीर्यबाट
गर्भधान भएको छोराबाट
म के आशा गरूँ भोलिको?"

['वीर्य-दान : म को हुँ'? पृष्ठ ६४]

अरू त के मान्छे जन्माउने यस युगलाई नै कवि नपुंसक युग भन्दछन् :

"नपुंसक युग
शिथिल लिङ्ग झैं
मुर्झाएको छ आफैमा

र समस्या बहुलाएको छ
युगको ओछ्यानमा नाङ्गिएर
कामुक नारीको अतृप्त वासना जस्तो।

['नपुंसक युग' : 'म को हुँ'? पुष्ठ ८]

यो अभिव्यक्तिले नेपाली साहित्यको यौन (Sex) - परक कविता क्षेत्रमा स्व० गोपाल प्रसाद रिमाल, पुष्कर लोहनी र सीता पाण्डे पछितर धेरै अघि सरेर किञ्चित् नहिच्किच्याइकन निर्भिकतापूर्वक पनव चामलिङ 'किरण' - ले आफ्नो स्थान जमाएका छन्। सत्यसित साक्षात्कारको निम्ति तथ्यहरू र रहस्यहरूको उद्‌घाटन हुनु जरूरी छ, अतः यही आफू भएको तथ्यका आधारमा 'स्व' - सँग परिचय पाउने अथवा आत्मसाक्षात्कारको प्रयत्न प्रस्तुत कविता-संग्रह म को हुँ? - मा कविको देखिन्छ। नभन्दै 'To be or not to be is the question' शेक्सपीयरेली 'ट्रेजेडी' — को मात्रै उभिई मानवमात्रको हो। यो ट्रेजेडी - बोधको तीव्रताले नै वास्तवमा मान्छेलाई कवि वा कलाकारको रूपमा जन्माउँदछ। कवि 'किरण' — का कविताहरूमा यत्रतत्र-सर्वत्र यही 'ट्रजिक सेन्स्' हामी पाउँछौं, जस्तै —

"मेरो अस्तित्व
मान्छेको जन्म र मृत्यु बीचको
दुःखमय सानो यात्राभन्दा
परतिर केही होइन!

['क्रुसिफाइड प्रश्न' : 'म को हुँ' ? पृष्ठ २४]

वा,

"......जिन्दगी आफू नहुनुको वेदनाहरूमा बाँच्दै थिएँ।

तिमी-हामी सबैको आमाको विछोड़मा म बाँच्दै थिएँ!"

['तिम्रो र मेरो एउटा कथा-बेग्लै व्यथा : म को हुँ'? पृष्ठ २७]

अक्सर हामी कवितामा आधुनिकता ठिम्याउन शैली-पक्षलाई हेर्छौं र भावपक्षलाई चाहिं उपेक्षा गर्छौं। यसो हुँदै न मन र मस्तिष्कमा भने पुरातन भाव र विचार लिएर 'फैशन'-मा चाहिं 'अल्ट्रामर्डन' देखापर्नेहरूबाट हुने धोका हामीलाई  हुन सक्दछ। यसैले 'Simple living high thinking' अप्नाउनुपर्ने सुझाव अनुभवी हाम्रा अग्रजहरूबाट भएको हो। तर सबै गान्धी महात्मा नभए झैं भर्खरै मात्र लेखिएका भन्दैमा सबै कविता आधुनिक हुने होइनन्। भनाइको तात्पर्य- कवितामा अभिव्यक्तिगत आधुनिकता भएर मात्रै हुँदैन, तर कविको

सामाजिक, सांस्कृतिक, आर्थिक, प्राविधिक तथा राजनैतिक स्तिथिका साथै स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय वस्तुस्थितिबाट उत्पन्न घात-प्रतिघातलाई उसले जे, जस्तो र जसरी ग्रहन गर्दछ र ती सब उसको मन-मथिंगलमा मन्थनिएर शब्दहरूका माध्यमले जो अभिव्यक्त हुँदछ सो पनि सोहीपरी नै हुनु स्वाभाविकै हो। प्रकारान्तरले भनौं - आजको समाजका हरेक क्षेत्रमा जुन किसिमको विषमता, विसंगति र जटिलता आइरहेका छन्, र जुन किसिमले कविको मानसिकतामा तिनीहरूले संघात पारिरहेका छन्, तिनको अभिव्यक्तिमा पनि जटिलता त आउने नै भयो! यही तथ्य आधुनिक कविहरूका कवितामा हामी छर्लङ्गै देख्छौं र कवि 'किरण' – का कविताहरूमा पनि जटिलता आउन लागेका कारणहरूमध्ये यो नै एक तर प्रमुख पनि हो। उदाहरणका लागि यहाँ केही कविताका पंक्तिहरू लिऊँ :

"जति हिंड़े पनि नसकिने,
फैलिएर अझै तन्किंदै जाने,
विश्वको छात्ती भरि यो सड़क
आजकल खचाखच हुँदैछ।"

"तर चूपचाप सड़क चल्मलाउँदैछ,
सड़क बुझ्दैछ,
सड़क उठ्दैछ।

['बोध' : 'प्रारम्भिक कविताहरू' पृष्ठ १७]

त्यस्तै –

"अब यस विश्वको आयतनमा
चेतना र मानवताको मल लाएर
जीवनको खेती लगाउनु पर्छ!
मान्छे नामको खेत-बारीमा
विप्लवको हलोले जोतेर
जीवनको खेती लगाउनु पर्छ!"

['जीवनको खेती' : 'अन्तहीन सपना : मेरो विपना' पृष्ठ ३१]

यहाँनेर कवि बम देवानको उम्दा कविता 'आगोको खेती' – सित प्रस्तुत कवितातुल्य छ, यो तुलनात्मक समाक्षा कुनै बेला पछि गरौंला। जे होस्, यस कविता-संग्रह 'म को हुँ'? - मा कवि 'किरण' भन्दछन् –

"आजको युगको अप्ठ्यारो बाटोमा

हिंड़िरहेछ यो समय।
यसरी अनादिकालदेखि नै
हिंड़िरहेछ यो समय
युगको सड़कमा।

म बाँच्दैछु :
एकलव्य जस्तै भएर बाँच्दैछु!
मेरो बचाइमा इतिहासको अट्टहास छ,
मेरो हँसाइमा इतिहासको उपहास छ,
किनकि म हिजोको इतिहासको
नयाँ संस्करण बाँच्दैछु;
म हिजोको मानवको नयाँ अनुहार बाँच्दैछु।"

['म बाँच्दैछु' : 'म को हुँ'? पृष्ठ ५७]

छोटा कविताहरू पनि आ-आफ्ना विशेषतासहित यस कविता-संग्रहभित्रका राम्रा छन्। 'गान्तोक : एक पोट्रेट' र 'बहादुर कान्छा' - मा तिम्रो र मेरो देश - मा भन्दा पनि सजीवता आएको छ - हाम्रो सामाजिक जीवनको रेखाङ्कन र तौल चित्रकारितामा जस्तो। लामा कविताहरू जबर्जस्ती तन्काइएका छैनन्, भाषणहरू जस्ता छैनन्, तिनको विस्तार स्वाभाविक ढंगले भएको छ। कतिपय कविताहरू कवि भूपिकासित पनि तुल्य छन्। स-साना कविताहरूको आफ्नै विशेषता भएतापनि लामा कविताहरूमा कवि 'किरण' अझ प्रस्फुटित हुँदै आएका छन्।

समग्र रूपले हेर्दा पवन चामलिङ 'किरण' कविताहरू आधुनिक भएर पनि दुरूह छैनन्, सबै बोधगम्य छन्; अस्वाभाविकता र कृत्रिमतादेखि टाढ़ा। वाह्रा-संसारको जटिलताबाट उत्पन्न आन्तरिक उथल-पुथुल मनस्थितिको अभिव्यक्तिमा उनका कवितामा पनि क्रमशः केही जटिलता आउनु त स्वाभाविकै हो। साहित्यको कुनै पनि रचना-विधाको संग्रहमा संगृहीत सम्पूर्ण रचनाहरू उत्कृष्ट हुनैपर्छ भन्ने केही छैन, भइदिएमा त अत्युत्तम हो। तर उत्कृष्टताको मापदण्ड संग्रह विशेषतः रचनाकारकै मन-पराइमाथि निर्भर गर्दछ भने सम्पादित रचना-संकलनमा प्रयुक्त मापदण्डहरू सम्पादककै मान्यतानुसार हुनेहुन्छन्। तर 'मन पराउनु' नै कुनै काव्यकृतिको मूल्याङ्कन गरिइने मापदण्ड होइन भन्ने कुरो त आई० ए० रिचर्डसले कति अघि नै भनिसकेका हुन्। यी मूलभूत तथ्यहरूलाई मध्य-नजरमा राखेर हेर्दा प्रस्तुत कविता-संग्रह 'म को हुँ'? - मा कवि 'किरण' — को कविता-साधना आफैमा मात्र

नभई सम्पूर्ण भारतीय नेपाली कविता-साहित्यमा नै एउटा विशिष्टता लिए हामी समक्ष आएको छ।

निष्कर्षमा भनौं — कवि पवन चामलिङ 'किरण' जग र जीवनका गायक हुन् - मानव जीवनका-सर्वसाधारण मान्छेको! यो संसार र समाजमा केही टाठा-बाठा, ठूला-ठालु, गिने-चुनेका स्वार्थीहरूले 'सत्' — को नाममा जीवनको उज्यालो पाटालाई नै अँध्यारो पारी 'चित्' प्रमाणित गर्दै 'आनन्द' लुटिरहेका छन् र तिनीहरूको अघि कवि 'किरण' — का कविता प्रकाश बनी आएको छ। प्रकाशतर्फको यो यात्रा अहिले पवन चामलिङ 'किरण' — को कवि अन्धकार-विरूद्ध युद्धरत छ। 'सत्यमेव जयते' — को निम्ति आस्थावान् हामी यदि साँच्चै छौं भने सबै एक भई अन्धकार नाश होस् भनी प्रार्थना गरौं —......... "तमसो मा ज्योतिर्मय!"

अस्तु

वाराणसी — ***रामप्रसाद मैनाली***
१५-१-१९९३

## विश्वास

महाशून्यको परिधिमा कतै अवस्थित
एउटा सुन्दर पत्थरको आकृतिलाई
मैले युग-युगदेखि

मन-मन्दिरमा देवी स्थापना गरेर
उसमा आत्मा र परमात्मा खोज्दैछु।
उसको सुन्दर आकृतिलाई सँधै हेरेर
उसमा माया र मुस्कान खोज्दैछु।
यसरी कति-कति युग भइसक्यो
मैले प्रतीक्षा गरेर बसेको,
कति-कति जुनी बितिसक्यो

त्यो सुन्दर आकृतिलाई आत्मसात् गरेको;
आज पनि म त्यो सुन्दर मूर्तिको
मधुरो आवाज र मुस्कानको
अन्यन्त प्यसी भएर –
मौन रूपमा प्रतीक्षा गर्दैछु,
प्रतिक्षा गर्दैछु।

## कर्तव्य

आकासमा उड्ने काले
एउटा रूखदेखि अर्को रूखसम्म उड्ने
लक्ष्यमात्र राख्दैन,

र आकासमा उड़िरहन्छ
सम्पूर्ण पृथ्वीलाई नियाल्ने लक्ष्य लिएर
परिक्रमा गरी सक्दैन जीवनमा
किनभने,

उसको पनि उड्ने शक्ति-सीमा छ;
र शक्तिभन्दा पर
उ चाहेर पनि जान सक्दैन
तर पनि काग उड़िरहन्छ आकासमा
पृथ्वीलाई नै परिक्रमा गर्न।
उसको उद्देश्य र लक्ष्य नै –
आकासको बाटो भएर
कहिल्यै नसकिने बाटोमा
उड़िरहनु.......उड़िरहनु.....

## म योद्धा युद्धको

म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा,
दृश्य र अदृश्य रूपमा,
मूर्त र अमूर्त रूपमा युद्धरत छु।
जन्मग्रहण शंखनाद मेरो युद्धको
अदृश्य युद्ध-भूमि,
निराकार युद्धभूमि;
म योद्धा युद्धको!
अन्धकारको विरोधमा एक मुट्ठी उज्यालो
भाइचारामा फौलिएको हातभरि समाएर
अन्याय र असत्यको जंगलमा,
मानवताको हतियारले
दानवको बूढ़ो रूख काट्दैछु।
मानवताको  विरोधमा अदृष्य दुश्मनहरू
विचारका सड़क-सड़क भएर आउँदैछन्,
आकाशको सूर्यलाई छेक्न;
र सम्पूर्ण अन्धकारको साम्राज्य स्थापना गर्न।
युद्ध-भूमिको योद्धा म!
हृदयको धरतीभरि
एक हूल उज्यालो प्रकाशको पल्टन
विचारको आकास भएर आउँदैछ मसँग
अन्धकारको विरोधमा
अन्तिम युद्ध लड़न।

## शान्ति

आफैमा हराए शान्ति
स्वयंमा खोजिरहेछु,
तर आजसम्म पाउन सकिनँ,
पृथ्वीमा भए त म तिमीलाई
पक्रेर ल्याउँथे र आफ्नो बनाउँथे,
आकाश र पातालमा भए पनि
खोजेर ल्याउँथे,
सूर्य-चन्द्र र ब्रह्माण्डमा भए पनि
म तिमीलाई सजिलै प्राप्त गर्थे,
तर तिमी त 'म' - मा नै व्याप्त छौ
र 'म' - मा नै हराएका छौ!
तिमी मेरो ह्रदयाकासमा छौ कि
मानसपटमा कतै अल्मलेकी छौ?
कि मेरा इच्छाहरूमा समावेष्टित छौ?
कि मेरा उपलब्धि र अप्राप्तिहरूमा छौ?
कि मेरा सफलता र विफलताहरूमा छौ?
मैले खोजिरहेछु तिमीलाई युग-युगदेखि
तर तिमी त
'म' मा नै भएर पनि
'म' - बाट धेरै टाढ़ा छौ
तिमी को हौ शान्ति, तिमी कहाँ छौ शान्ति?
मैले तिमीलाई चिन्न सकिनँ।
तिमीलाई प्राप्त गर्नको लागि
मैले आफैलाई चिन्न सकिनँ,
आफैलाई जान्न सकिनँ!

## मान्छे, तिमीलाई खोज्दैछु

मेरो मनलाई
आँखाको अघि उभ्याएर
आफैलाई शून्यताबाट नियालिरहेछु!
मनको नयनले –
आत्माको शरीरलाई नियाल्नु मन लाग्छ!
प्रत्येक युगमा मान्छेको जुनी लिए
मैले तिमीलाई खोजिरहें!

मान्छेले निर्माण गरेको यस संसारमा,
मान्छेका जंगलहरूमा –
आफै अल्मलिए आफैमा
तिमीलाई सोधिरहें,
तिमीलाई खोजिरहें!

यति धेरै युगपछि पनि
मैले तिमीलाई पूर्णरूपले चिन्न सकिनँ,
तिमीसँग आत्मसात् गर्न सकिनँ,
तिमी केवल अनुभूति मात्र हुनथाल्यौ
वर-पिपलको रूखमा कोइलीको
मधुर स्वरसँग मिसिए
तिम्रो आभास मसम्म आउनथाल्यो।

तिम्रो निराकार रूप
मेरा आँखामा आउनथाल्यो,
तर पनि अझै स्पष्टरूपमा
तिमीलाई मैले मेरा आँखाका रानीमा
सनाउन सकिनँ।
मैले भोगेको प्रत्येक मान्छेको जुनीमा

म तिमीलाई खोज्दैछु –
आत्माका आवाजहरू
र भग्न गीतहरूमा
तिमीलाई खोज्दैछु।

यस संसार र माया
तिमी होइनौ!
मैले देखेका र पाएका यी सबै
तिमी अवश्य पनि होइनौ!

## मान्छेलाई मुटुको ओंठले छाम्दा

मान्छेलाई आँखाले नियाल्दा
कति सुन्दर देखिन्छ
र म सम्झिन्थें सँधै –
सबै मान्छे सुन्दर हुन्छन्!
मेरा नयनहरूले नियालिरहेछन्
देखिरहेछन् कति सुन्दर छन्!
तर मनले नियालेर हेर्दा
मान्छए जति सुन्दर देखिन्छन्,
त्यति सुन्दर रहेनछन्।
र मैले मुटुको ओंठले चुमेर
मान्छेलाई छामेर हेर्दा –
मान्छे त आँखाले हेरेर
चिन्न नसकिने रहेछन्,
मान्छे त अर्कै केही रहेछन्,
मान्छेलाई चिन्नु त साह्रो रहेछ!
किनकि,
आकार, रंग र अनुहार मान्छे होइन;
बोल्ने, हाँस्ने, रिसाउने
र लोभ, पाप, ईर्ष्या गर्ने प्राणी
मान्छे, होइन!
उसो भए मान्छे को हो,
के हो?
मान्छे त त्योभित्र
कतै सतहमा लुकेर बसेको
अदृश्य रूप हो,
जसलाई
चिन्न ठिम्याउन साह्रो रहेछ।

## नपुंसक युग

नपुंसक युग
शिथिल लिङ्ग झैं
मुर्झाएको छ आफैमा
र समस्या बहुलाएको छ
युगको ओछ्यानमा नाङ्गिएर
कामुक नारीको अतृप्त वासना जस्तो!

## एउटा गीत

किन भाग्छ मेरो जिन्दगी आफैसँग डराएर,
किन रून्छ मेरो जिन्दगी आफ्नो मन दुःखाए?
जता हेर्‍यो त्यतै मान्छे तर आफ्नो छैन,
यति ठूलो संसारमा एक्लो म आफू होइन।
किन सोंच्छ बतासले तूफान कस्तो हुन्छ,
वसन्तमा हाँस्ने ऋतु शरदमा किन रून्छ?
दिभरि घाम लाग्छ रातभरि जून,
किन रात सँधै आउँछ भोलि बिहान हुन?

## विडम्बना

पशुलाई मान्छेले
आफ्नो मतलबका लागि पाल्छन्,
मीठा-मीठा खाने कुरा खान पनि दिन्छन्,
उसको स्वार्थको लागि;
यो तिमी र मैले देख्छौं।

तर तिमी र मलाई पनि
कसैले उसको स्वार्थपूर्तिकै लागि
त्यो पशुलाई झैं राखेका छन्,
तर तिमी र मैले –
त्यो सत्यलाई बुझ्ने चेष्टा गरेका छैनौं,
हामीले देखिरहेका छौं, भोगिरहेका छौं;
र पनि हामी अन्जान छौं –
त्यो पशु झैं।

त्यो पशु भएर अन्जान छ,
हामी मान्छे भएर अन्जान छौं!
यस्तो विडम्बना बोकेर
यो मान्छेको जुनी!

## आवाज

मन्दिरबाट आएको घण्टीको आवाज,
र मस्जिदबाट आएको मौलवीको आवाज –
म एकै सुन्दैछु,

अनि दुवै आवाज मेरा कानले सुन्दैछन्,
कानले छुट्टाएकका छैनन्।
गिर्जाघरको घण्टीको आवाज
मन्दिरमा ठोक्किएर
प्रतिध्वनित भएको सुन्दैछु,
सबै प्रार्थनाका आवाजहरू
घण्टा र घण्टीका आवाजहरू
मिसिए रमाइलो धुन बनेको छ
र मेरो मस्तिष्क,

मन र प्राणलाई स्पर्श गरेर
न्यानो र कोमल बनाएको छ।
म आत्मविभोर बनेको छु।

## तिम्रो र मेरो देश

बैंशको आभास नपाउँदै धेरैजना नानीकी आमा बनेकी
यौवनले बहिष्कार गरेकी
आइमाई-मान्छेजस्तो,
कि त पुरूषार्थको अर्थ र कर्तव्य बुझ्नै नपाउँदै
धेरै जिम्मेवारी र समस्याले थिचेको,
उमेरमै बूढ़ो भएको मान्छेजस्तो
तिम्रो र मेरो यो देश।

खाऊँ-खाऊँ, लाऊँ-लाऊँ- के उमेरमा
शिथिल भए झोक्रिरहेको
अपूर्णता र गरीबीको अवशेष
तिम्रो र मेरो देश!

## तिमी

तिम्रो दुःख मलाई लाग्छ
मुटु मेरै दुखे जस्तो,
तिम्रो आँसु मलाई लाग्छ।

यति धेरै लाग्छ मलाई
तिम्रो माया कस्तो,
तिमीलाई भोगेको मैले
मेरै जीवन जस्तो।

## मान्छेको थर

मान्छेले किन मान्छेलाई
सोच्छन् यति सस्तो,
मान्छे लाग्छ मलाई त
आफ्नै परिवार जस्तो।

पाँच अरब हाम्रो विश्व नै मान्छेको घर,
बाँधिएको साइनो रगतले
मान्छे हाम्रो थर।

## मलाई चिन्दैनौ

तिमीले मलाई सोचेका छौ
त्यो म होइन,
तिमीले मलाई जो देखेका छौ
त्यो पनि म होइन।
हिजो तिमीले जानेको
अनि देखेको,
त्यो म होइन आज।
विश्वास गर मलाई –
तिमीले चिन्न सक्तैनौ मलाई,
तिमीले देख्न सक्तैनौ मलाई!
किनकि तिमीले देखेको रूप –
त्यो स्वरूप होइन मेरो,
मैले बोलेका शब्दहरू
आवाज होइन मेरो।
किनभने म –
आफ्नै रूपहरूमा हराइसकेको छु,
आफ्नै आवाजहरूमा बिलाइसकेको छु।
यसैले –
आफैलाई खोज्दैछु म –
समयका आँखाले चियाएर
भविष्यको संसारमा,
आफैलाई बाँच्दैछु म
उभिएर कायाको धरातलमाथि
भोलिका मान्छेको मायामा।

## मालिक र कुकुर

मालिकले कुकुरलाई
सौखले या त आफ्नै स्वार्थ-पूर्तिको लागि
काँधमा बोकेर हिंड्छ।
त्यस बेला त्यो कुकुरले
आफूलाई मालिक झैं सम्झिन्छ,
आफूजस्तै अरू कुकुरलाई भुक्छ।
मालिकको डरले त्यति बेला।
कुकुरहरू चुपचार बस्छन् अनि सहन्छन्।
तर सँधै कुकुरलाई
मालिकले काँधमा बोकेर हिंड्दैन
र भूईंमा छोड़िदिन्छ।
एक क्षणपछि –
अनि त्यो कुकुर आखिर
अरू कुकुरजस्तै भूईंमा बाँच्नुपर्छ।
जब त्यो मालिकको कुकुर
मालिकको काँधदेखि भूईंमा झर्छ –
अरू कुकुरले भुक्न थाल्छन्,
खेद्न र टोक्न थाल्छन्,
त्यति बेला मालिक –
महलभित्र पसिसकेको हुन्छ,
त्यो विचरा मालिकको कुकुर एक्लै हुन्छ।

## म भविष्यमा हिंड़िरहेछु

युग-युगदेखि
यस संसारमा म
हजारौं ठक्कर खाँदै
अनेकन् थपेड़ाहरूसँग जुझ्दै
समय-नदीमा बहँदै
मान्छेको जुनी लिएर
मानवताको डुंगा म खियाइरहेछु।

खियाइरहेछु — के म हिंड़िरहेछु,

धेरै युगहरू —

अझ धेरै युगहरू मैले हिंड्नु छ।

वर्तमानमा —
महाकाशमा पाइला टेकेर,
शून्यतालाई समाएर;
स्वतन्त्र सत्यसँग गफिंदै
भविष्यको बाटोमा म हिंड़िरहेछु,
र मसँग भविष्य हिंड़िरहेछ;

'म' - सँग चोखो सपनाहरू हिंड़िरहेछन् —
भविष्यको अत्यन्त रमाइलो संसारमा
म भविष्यमा हिंड़िरहेछु
भविष्य मसँग हिंड़िरहेछ!

## हामी पनि मान्छे ?

कसैको दया र मायामा बाँच्ने हामी,
कसैले दिएको भिक्षामा खुशी हुने हामी,
मान्छे भएर पनि मान्छेसँग डराउने हामी,
मान्छे भएर मान्छेको हक माग्नु पर्ने
यस्तो भएपछि के हामी मान्छे हौं र?
सर्वशक्तिमान –
यस संसारमा मान्छे नै हो।
संसारको सृष्टिकर्ता
अरू कोही नभएर मान्छेनै त हो!
सृष्टिमा, जन्ममा हामी समान हकको
साझा संसारमा –
जन्मेर आएखआ छौं,
मान्छेको रूप-रंग र
मान्छेको जात लिएर आएका छौं;
तर यही संसारमा –
हामी मान्छेबाटै जन्म भएको
हामी जस्तै केही मान्छेहरूले
हामी जस्तै धेरै मान्छेहरूलाई
मान्छेबाट अमान्छे बनाएका छन्,
हाम्रै अज्ञानता र कमजोरीको
फायदा उठाएर
हामीलाई ठगेका छन्,
हामीमाथि चढ़ेर शासन र आसन
जमाएका छन्, तर
हामी चुपचार शोषित छौं!
हामी चुपचार शासित छौं!

## प्रत्येक बिहान

प्रत्येक बिहान कफन आउँछ खबरकागत
मेरो अघि –
अनि हजारौं लाशहरूले,
मलाई न्याय माग्छन्
आफ्नै मृत्युको शोक – धुन बोकेर
हजारौं आत्माहरू हरपल मेरो अघि आउँछन्
रेडियो र टेलिभिजनको आवाज भएर......

अनि प्रार्थना गर्छन् –
जीवन-दानको,
तर म यी सब –
अनुभूत मात्र गर्छु,
आवाजहरूमा देख्छु।
मसँग शीत बनेर बिहान रून्छ,
मसँग दिन पनि कोरो बसेर बित्छ,
मसँग रात पनि अन्धकारमा विलीन भएर जान्छ।

यही अँध्यारो रातमा
धर्मले युद्ध घोषणा गर्छ,
जातले सीमाना कोर्छ,
पापले ठूलो च्यादर ओछ्याएर
मान्छेलाई रगतको भिक्षा माँग्छ,
र त मान्छेले मान्छेलाई बलि चढ़ाएर

पापको वेदीमा
भोक चढ़ाउँछन्!
रगतले मातेर धर्म,
रगतले मातेर सीमाना,
रगतले मातेर जात –
हाँस्न थाल्छ विश्व नै थर्काएर;
अनि विश्राम लिन्छ केही क्षण –
नागासाकी र हिरोशिमा भएर,
इराक र युगाण्डा भएर,
मस्जिद, मन्दिर र गिर्जा भएर,
मान्छेको हत्या र मृत्यु भएर,
मान्छेको इतिहास भएर......

## दूरत्व : तिम्रो र मेरो

कोही पनि टाढ़ो छैन,
यो पृथ्वीमा सबै सम्पूरक छन्।

आकाश र बादल, वायु, जल-थल
र एउटै पृथ्वीवासी मान्छे
वास्तवमा कति नजीक छन्!
प्रकृतिले मान्छेलाई
एउटा साचोमा निर्माण गरेका छन्;
जीवन र मृत्यु नियमबद्ध,
मान्छेको साइनो छ – कत्ति आबद्ध!
तैपनि किन हो –
मान्छे-मान्छेमा यति दूरत्व!
मान्छेले मान्छेलाई जानेर पनि
चिन्दैनन्,
चिनेर पनि बुझ्दैनन्,
बुझेर पनि बुझ-पचाउँछन;
मान्छे मान्छेलाई आफ्नो ठान्दैनन्।

यसैले –
यो संसारमा तिमी र म
मान्छे भएर के भो 'र
मैले तिमीलाई देखेको छु,
तिम्रो रूप र रंगलाई चिनेको छु,
तर तिमीलाई बुझेको छैन,

तिम्रो दुःख र वेदनालाई
मैले जानेको छैन,
तिमी मसँग शंका गर्छौ।

किनकि –
तिम्रो र मेरो बीचमा
एउटा सीमाना छ,
सीमाना हामीले कोरेका हौं.

हाम्रो विचारमा, हाम्रो मनमा
शंकाका पहाड़हरू बर्लिनको पहाड़ झैं खड़ा छन्!
हामी मान्छए भएर के हुन्छ र!
हाम्रो अनुहार मिल्दैमा के हुन्छ र!
मान्छेका वेदनाहरू, व्यथाहरू
भोगाइहरू, जीवाइहरू
असमीप छन् – एकर्कासँग।

एकार्कामाथि आसक छन् मान्छेहरू –
शोसन गर्न!
मान्छेको शाश्वत नातालाई
मान्छेले आफ्नो मतलबमा परिणत गरिसके!
यसरी....
आफ्नो मतलबको सिंहासनमा
मान्छेहरू एक्लै बाँचिरहेका छन् –
एउटै विश्वका मान्छेहरू,
एउटै देशका मान्छेहरू,
एउटै रगतका मान्छेहरू

## क्रुसिफाइड प्रश्न

तिमी मसँग छौ –
जन्म-जन्मान्तर,
अनि तिमी थियौ –
इब र आदमको जन्ममा पनि,
सुम्निमा र पारूमाको जन्ममा पनि!
सृष्टिको समयमा पनि तिमी थियौ।
तर तिमीलाई त्यति बेला
तिम्रो स्वरूपलाई सबैले चिन्थे,
तिम्रो रूपलाई सबैले देख्थे;
तर आज पनि तिमी त्यही रूप
र त्यही स्वरूपमा छौ,
धेरै-धेरै शदी पहिले झैं
आज पनि यथावत् छौ।
तर तिमीलाई आज
हामीले देख्न छाड्यौं,
तिम्रो स्वरूपलाई चिन्न छाड्यौं।
आजकल मान्छेले
केवल आँखाले तिम्रो रूपलाई
नियाल्यनका लागि
आत्मा र हृदयका आँखा चाहिन्छन्।
मान्छेले केही बुझ्न सक्तैनन्
तिम्रो महिमा,
किनभने –

मान्छे विचार, र मन पनि स्वतंत्र छैनन्।
मान्छेको उसको आफ्नो भन्ने
केही छैन,
उसको विचार र मन पनि।
उ त केवल मान्छे!

यसैले –
तिमीलाई चिन्न सक्तैन मान्छेले
र मान्छेको संसारमा
तिमी भए पनि भएनौ।

तर म भन्न सक्छु –
तिमी सर्वव्याप्त छौ,
'म' - मा पनि अवश्य छौ;
र नै म छु!
र मैले तिमीलाई चिन्न सकेको छैन,
तिमीलाई ग्रहण गर्न
असमर्थ भएको छु!

यसर्थ म – छु र पनि
वास्तवमा छैन!
मे केही हुँ र पनि केही होइन!
मेरो अस्तित्व
मान्छेको जन्म र मृत्यु बीचको
दुःखमय एउटा सानो यात्राभन्दा
परतिर केही होइन!

## यस संसारमा म

शूलै-शूलले भरेको जगमा
बाँच्ने मान्छे म को हुँ!
लक्ष्य मेरो जगको सरक्षा
यस्तो मान्छे म को हुँ?
एकलै-हिंड्दै ठोकिंदै-लड्दै
फेरि उठेर हिंड्न मान्छे म
अन्धकार बीचमा बाटो बनाउँदै
अघि बढ्ने मान्छे मा।
अन्यायको विरोधमा जुझिहाल्ने,
सत्यको लागि उत्सर्गित हुने म,
अधिकार बचाऊ मान्छेको भन्ने
सबै भएर हाँसो भन्ने म।
पापीको अघि काल भएर
भिड्नुपर्छ मान्छे भएर,
व्यर्थमा किन झुकाउनु शिर
बाँच्नु छ मान्छे भएर वीर।
जात मेरो मान्छए ङओ
जाति, धर्म, मानवता,
मान्छे सबै एकै हुन्
चाहिन्छ मलाई समानता,
उच्च-नीच र भेदभावको
नियम यो म त जान्दिनँ,
शोषण-दमन र अत्याचार
म त मान्दै-मान्दिनँ।
मान्छेको सुरक्षा कर्म हो मेरो
मान्छेकै सरक्षा धर्म हो मेरो,

ज्यान गए जावस् जान्छ नै एक दिन
आत्मा छ प्रिय, अमर मेरो!

साथी,
तिम्री आमाको बिछोड़मा
म उपस्थित हुन सकिनँ,
तिम्रो भग्न आँसुका भलहरूलाई
साथ दिन सकिनँ,
तिम्रा आवाजहरूमा आवाज मिलाउन सकिनँ,
तिमी कति तड़प्यौ होला!
तिमी कति रोयौ होला!!
तर मेरा यी नयनहरूले देखेनन् –
तिम्रा क्रन्दनहरूलाई
मेरा यी कर्णहरूले सुनेनन्,
तर मसम्झ है......
म यहाँ खुशी र चयनमा थिएँ भनेर,
म यहाँ हर्षोल्लास र उन्मादमा थिएँ भनेर।
म पनि दैलो थुनेर
तिम्री आमाको बिछोड़मा रोएको थिएँ
तिम्रो दुःख र पीड़ामा म पनि
विक्षिप्त बनेर तड्पेको थिएँ
तिम्रा क्रन्दन र पुकारहरूलाई
तिम्रा आँखाबाट बहेका आँसुहरूलाई
सबैले देखे, सुने अनि बुझे पनि होलान्,

तर तिम्रो लागि मैले रोएको आँसुलाई
कसैले पनि देखेनन्,
क्रन्दन र चीत्कारहरूलाई
कसैले पनि सुनेनन्;
किनकि म त आफैसँग रूँदै थिएँ,
किनकि म त स्वयम् नै दुःखी भइसकेको थिएँ,
किनकि म त आफैमा हराएको थिएँ,
किनकि जिन्दगी हारहरूमा बाँच्दै थिएँ
किनकि जिन्दगी तिरस्कारहरूमा बाँच्दै थिएँ,
किनकि जिन्दगी व्यथाहरूमा बाँच्दै थिएँ,
किनकि जिन्दगी असुरक्षाहरूमा बाँच्दै थिएँ
किनकि जिन्दगी परचक्री कारागारहरूमा बाँच्दै थिएँ,
किनकि जिन्दगी आफू नहुनुको वेदनाहरूमा बाँच्दै थिएँ,
किनकि जिन्दगी अरूको संसारमा बाँच्दै थिएँ,
किनकि जिन्दगी आफ्नै विछोड़मा बाँच्दै थिएँ,
किनकि तिमी-हामी सबैको आमाको बिछोड़मा म बाँच्दै थिएँ!
यसैले साथी !
म उपस्थित नभए पनि
म त त्यहीं नै थिएँ,
सम्वेदनाको औपचारिकता
चढ़ाउन नसके पनि
तिम्री आमाको विछोड़मा —
यी पापी नयनहरूबाट
मूल्यहीन आँसुका धाराहरू
बहाइदिएँ!

**रातो भाले युग-युग बास्छ**

एउटा रातो भालेलाई स्यालले लाग्यो भनेर
अन्धकार रातले भन्दो हो (!) –
अब भाले बास्दैन भनेर,
सँधै अँध्यारो हुन्छ –
र मेरो राज सँधै हुन्छ
बिहानी फेरि कहिल्यै हुँदैन भनेर;
उज्यालो भएर घाम लाग्दैन भनेर।
एउटा भालेलाई स्यालले लाँदैमा,
एउटा भालेलाई बौलाहा स्यालले खाँदैमा
रातो भाले कहाँ सकिन्छन् र!
एउटा भालेलाई अन्धकार रातमा
स्यालले खायो भन्दैमा
रातो भाले कहाँ बास्न छोड़छन् र!
यी राता भालेहरु त –
अन्धकार रातको विरोधमा उठेका
महाशक्तिका समवेत् आवाज हुन्,
अन्याय, अत्याचार र पाप नाश गर्न
सिर्जना भएका शक्तिका प्रखर रूप हुन्!
एउटा भालेलाई स्यालले खायो भन्दैमा
नरमाऊ है, ए अँध्यारो रातकी रानी!
तिमी त निस्लोट कालो अन्धकार हौ
तिमीलाई त तिम्रै रूप कस्तो छ, - थाहा छैन!
किनभने –
अँध्यारोको प्रतिविम्ब हुँदैन,
तिमी त कालो रात हौ;
तिम्रो केहीसँग तुलना हुँदैन

तिमी केवल अन्धकार हौ,
असत्य र पापको स्वरूप हौ,
यसैले सानो जूनकीरीसँग पनि
तिमी सँधै हारेका छौ,
एउटा माचिसको सिन्काले पनि
तिम्रो अस्तित्वलाई नाश गरेको छ;
किनकि तिमी जिउँदो लाश हौ,
पापको पुञ्ज हौ!
यसैले
मान्छेको संसारबाट
तिम्रो ताण्डव-लीला नाश गर्न
असत्यसँग ठगिएको सत्यलाई,
अन्यायसँग दविएको न्यायलाई,
दानवसँग हारेका मानवलाई;
निदाएको मान्छेको मनलाई,
सुतेको मान्छेको विचारलाई,
हनन् भएको मान्छेको अधिकारलाई,
तड्पेको मानवतालाई;
ब्यूँझाउन, उठाउन, जगाउन
एक होइन,
अब यस धरतीमा
लाखौं, करोडौं भाले बास्नेछन् :
मेरो रातो भाले बास्ने छ, बासिरहने छ।

## रातको मृत्यु

रातको साम्राज्य
अन्धकारको कायामा उभिएर
व्याप्त भएको छ रात,
र सबैतिर अन्धकारले
सबैलाई निलेको छ,
सूनसान रातको सन्नाटासँग,
कालो र चिसो रातसँग,
सबै डराएका छन्;
सबै त्रस्त छन्।
तर यही अन्धकारसँग
जुझिरहेछ एक्लो कुकुरको छाउरो
कुईं......कुईं.....चीत्कार गरिरहेछ......
अन्धकार साम्राज्यको विरोधमा
एक्लै युद्ध बोलिरहेछ......(!)
कुकुरको छाउरोको आवाज सुनेर
कुखुराको खोरबाट पनि
भाले छट्पटाएको
अनि वल्लो घर पल्लो घरबाट पनि
आवाज आउन थालेको छ।
अन्धकारभित्र पनि जीवित प्राणीहरू छन् भन्ने
आभास हुन थालेको छ।
कुकुरहरू र स्यालहरू पनि
भुक्न र कराउन थालेका छन्,
बाँसघारीमा लाटकोसेरो पनि
अन्धकार रातलाई चिर्दै कराउन थालेको छ,
दिनमा कहिल्यै देखा नपर्ने गोलसिवल पनि
अन्धकारको विरोधमा कराउन थाली छे,
पारि भीरमा अन्धकार रातको डरले

बास बसेका बाँदरहरू पनि
कराउन थालेका छन्,
रातको साम्राज्यको विरोधमा,
निस्लोट कायामा उभिएको
चिसो र अन्धकार रातको विरोधमा
आवाज उठ्न थालेको आभास हुँदैछ।
बिहानीको प्रतीक्षामा,
उज्यालोको प्रतीक्षामा
चिसो रातसँग युद्धरत
एक्लो कुकुरको छाउरोको आवाजसँग
हजारौं, लाखौं र करोडौं आवाज मिसिएर
रातको विरोधमा ब्यूँझेका छन्।
सुन है, चारैतिर –
ठूलो गर्जनसित
पृथ्वीलाई थर्काएर
भाले पनि बास्न थाल्यो।
हाम्रो छात्तीमा ठूलो कायामा उभिएको
त्यो कालो रात अब ढल्नेछ
लुते कुकुरको छाउरोलाई
ठिहीमा कठ्याङ्ग्राएर मार्ने पापी
अन्धकार रातको मृत्यु हुने छ,
अनि मात्र बिहान हुन् छ –
उज्यालो र घमाइलो बिहान,
जहाँ कुकुर र कुकुरका छाउराहरू
कठ्याङ्ग्रिएर मर्ने छैनन्।

## गान्तोक : एक पोट्रेट

भ्रष्टचारीका फाइलहरूमा चेप्टिएर दिनभर
काला बजारीहरूको तिजोरीमा थुनिएर रातभर
निःसासिएर छट्पटिएर कामिरहेको थर-थर,
यो गान्तोक शहर।

थाकेको शरीर र
मरेका विश्वासहरू बोकेर
मंत्री र सचिवको कार्यालय चाहार्दै दिनभर,
आश्वासनले हैरान भएको बेकारीको
फाटेको जुत्ताको नगर,
यो गान्तोक शहर।

आज मरेर भए पनि
भोलिको सपनामा बाँच्ने
निमठित, निमा र निनाम्माको
मन बिसाउने हावा-घर,
यो गान्तोक शहर!

विसंगति र विषमताले घाइते भएर
'हार्ट एटेक' - ले भएको शिकार,
अभागी विधवाको रहर,
यो गान्तोक शहर!
आफ्नै तरूणी चलीहरू
होटलका कमराहरूमा
'युक्लिप्टस' जस्तै नाङ्गिएको

अतृप्त रातको अन्तिम पहर,
यो गान्तो शहर!

बुद्धको मूर्ति साक्षी राखी टाँसीलिङमा
शासन गर्ने मान्छेले
मान्छेलाई नै तोर्मा बनाएको देखेर
बुद्ध स्वयं परेको अलन्तर,
यो गान्तोक शहर!

अधुनिकताको कफनमा सजिएर
आफ्नै भविष्यको लाशमाथि
छिल्लिरहेका मद-मस्त बैंशहरू
बुख्याचाहहरूले केप्ट बनाएका
रखेलहरूको घर,
यो गान्तोक शहर!

देशलाई शेष पारेर भेष फेर्ने
आमाको बलात्कार गरेर
भविष्यसँग वर्तमानको सुख साट्ने
पापी छोराहरूले बनाएको जर-जर,
यो गान्तोक शहर!

### स्थिति

मन्दिरमा बसेर
युग-युगदेखि
मेरो भगवान्
नियालिरहेछ –
ताण्डव – नृत्य
आफ्नै पूजारीको;
भगवानको मूर्ति स्थापना गरेर।

भगवान्को नाममा आफ्नो काम र मामको निम्ति
निरन्तर मन्त्र जप्ने पूजारी
मेरो भगवान्को नाममा;
आफ्नो साम्राज्य चलाएर
उसको मर्यादा, अस्तित्व र आत्माको
घात-प्रतिघात गरिरहेछ।

तर पनि
मेरो भगवान चूपचाप बसिरहेछ
शान्त र निश्चल रूपमा
अक्षता, धुप, बत्ती र माला पाएर
सिन्के धूपको धुवाँभित्र
रूम्मलिरहेछ.........।

यसरी कति शताब्दीदेखि
धुवाँभित्र अल्मलिंदै, खिइँदै गइरहेछ।
निश्चल र शान्त बनेर
निर्जीव पत्थरमात्र भइरहेछ।

यही निश्चलपन र
शान्तपनले नै
मेरो भगवान पूजारीको कैदमा

मन्दिरको जेलभित्र
भगवानको नामका
युग-युगदेखि तिम्रा भक्तगणले,
तिम्रा अनुयायीले
तिम्रो भाग चढ़ाएको,
तिमीलाई अर्पण गरेको
असर्फी र प्रसाद
के तिमीले पायौ?
के तिमीले खायौ?
मन्दिरको परिधिभित्र
गजक्क फुलिएर
शान्त र निश्चल बनेर नै
तिमी आज भगवान् भएर
सर्वशक्तिमान भएर पनि
आज महापमानित भएका छौ।

यसैले,
यो मन्दिरबाट,
पूजारीको कैदबाट
मुक्त बनेर
बाहिर आउन खोज्दैछ।

पत्थरको रूप र निर्जीवतादेखि
जुनी फेरेर
मेरो भगवान्,
बाँच्न र बचाउनका लागि मान्छेलाई,
मन्दिरबाट बाहिर आउन खोज्दैछ।

**बहादुर कान्छा**

'कान्छा' र 'बहादुर' जस्तो अचम्भको मान्छे!
जहीं गए पनि जहाँ नै भए पनि
त्यहीं नै मिलेर बाँच्ने - आकाशवेली जस्तो!
अनि कति सस्तो —
ज्यालामा पनि किन्न सकिने,
र नूनसँग साट्न सकिने,
'श्यावास' र 'धन्यवाद' भनेर पनि
आफ्नो बनाउन सकिने,
कस्तो अचम्भको मान्छे —
'कान्छा' र 'बहादुर'

यस मान्छेले
रूखदेखि सगरमाथासम्म चढ़िसक्यो,
यसले चढ्ने अर्को चोटी नै रहेन।
यसले खसीदेखि लिएर मान्छेसम्म छिनाएको छ,
पहिलो र दोस्रो विश्व-युद्ध लड़िसकेको छ,
र पनि अझै अरूको लागि युद्ध लड्दैछ,
कस्तो मान्छे हो कहिल्यै नथाक्ने !
यो मान्छे हो मर्न र मार्न नडराउने!
यो मान्छए कहाँ पुगेको छैन?
तर अफसोस्, जहाँ पनि त्यहींको भएको छ,
र नै त उ जहाँ पनि 'बहादुर'कि त 'कान्छा'
मात्र भएको छ!
यसले साड़ी, पेन्ट र भाँड़ासम्म धुन हिच्किचाउँदैन,
रिक्सादेखि हावा-जहाजसम्म चलाउन पछि हट्दैन,
देशको सीमानामा पर्खाल झैं उभिएको छ,
हजारौं-हजार गोली नूनको लागि छात्तीमा थापेको छ;

जुन देशमा जहाँ मेरे पनि,
जुन देशको सीमानामा लड़े पनि,

जुन देशको लागि बलिदान भए पनि,
उसलाई केही चाहिएको छैन।
उसलाई आफ्नो हक र मर्यादा चाहिएको छैन,
किनभने आजसम्म उसले
त्यसको लागि युद्ध लड़ेको छैन!
उ त ‘बहादुर’ र ‘कान्छा’ हो,
उसलाई नून र श्यावासी पाए पुगेको छ,
मालिकको ‘कान्छा’ सम्बोधनले पुगेको छ,
किनकि उसले त नूनको लागि युद्ध लड़ेको छ,
किनकि उसले त पेटको लागि बलिदान गरेको छ,
उसलाई अस्तित्व र स्वाभिमानले खान दिंदैन,
उसलाई राष्ट्रियता र देश – प्रेमले भोकबाट बचाउन सक्तैन।
यसैले –
‘कान्छा’ र ‘बहादुर’
आज हिज - अस्ति जस्तै
‘कान्छा’ र ‘बहादुर’ नै छ,
देश राष्ट्रियता, अस्तित्व र स्वाभिमानले
‘कान्छा’ र ‘बहादुर’ – को
पेटको ज्वालालाई निभाउन सकेन,
भोक, रोग र शोकलाई मार्न सकेन,
यसैले राष्ट्र भएर पनि राष्ट्रियताविहीन
मान्छे भएर पनि यो ‘बहादुर कान्छा’
जहीं-तहीं उ त्यहींको भएर बाँच्दै छ
त्यहींको भएर पनि
हेर, उ कस्तरी उन्मुक्त बनी हाँस्तै छ!

**मभित्रको मान्छे**

मभित्र एउटा अर्को मान्छे बाँचेको छ
साह्रै टिठलाग्दो।
हराउने, लजाउने मान्छे!
धेरै युगदेखि मभित्र कसरी बाँचेको छ,
यो मान्छेलाई केही थाहा छैन;
बाहिर दुनियाँमा के भइरहेको छ!
को कस्तो छ? कहाँ के छ?
यसलाई केही मतलब पनि छैन।

उ सम्पूर्ण अंग-प्रत्यङ्ग भएको मान्छे भए पनि
महाभारतको संजय जस्तै –
प्रत्यक्षदर्शी मात्र हो;
आफ्नो मृत्यु र हत्याको,
आफ्नो अन्त र पतनको,
उ आफ्नो लागि बोल्नसम्म नसक्ने,
हाँस्न रून, र मर्नसम्म नसक्ने;
उ आँखा, कान नाक; हात-खुट्टा भएको
लँगड़ो, अन्धो, बहिरो अपाहिज मान्छे हो।

उसको हिजो पनि पूरा थिएन,
आज पनि अधुरो छ;
र भोलि पनि उसको आफ्नो हुनेछैन –
भन्ने त्रास र शंका मलाई छ।

विगत, वर्तमान र भविष्यबिनाको
मभित्र बाँच्ने मान्छे
आकासको कालो बादल हटेपछि
कतै बाहिर आउँछ कि?

अँध्यारो रातको मृत्युपछि,
बिहानको उज्यालोसँगै
मभित्रको मान्छे पनि ब्यूँझन्छ कि!
पारि पाखामा भाले बास्दैछ,
बर-पिपलको रूखमा रूपी कराउँदैछन् –
मभित्रको मान्छेले कान थाप्न थालेको छ
बाख्रा-पाठाको फूर्ति देखेर,
मभित्रको मान्छे पनि छट्पटिनु थालेको छ
छट्पटिन लागेको छ.......

## ऐठन परेको प्रश्न

म को हुँ? कहाँ छु?
के गर्दैछु? के भन्दैछु?
अनि मैले के गर्नुपर्छ?
-मेरो लागि हाम्रो लागि
-आफ्नो लागि, हामी हुनुको लागि
आफ्नो मर्यादाको लागि!
मेरो नाम र काम के हो?
मलाई केही थाहा छैन,
मलाई केही भएको छैन।
म यसरी युग-युगदेखि
यो देशमा मात्र होइन
धेरै देश र भेषमा बाँच्दैछु
-बाँचेको छु।
बाँचेको थिएँ!
मेरो बचाइ सास फेर्नु
खानु, सुत्नु र नूनको
सोझोको परिधिमा सीमित भएर
चूपचाप र शून्य भएर बाँच्नु!
यही शून्यता नै मेरो हो त?
म पहरेदार ठिकादारको,
मालिकको नोकर,
मालिकनीको कान्छा,
र महाजनको सुरक्षा गर्ने
बहादुरदेखि लिएर युद्ध-भूमिको वीर!
अनेक नाम र काम विभाजित
म को हुँ?
यस देशको मलाई थाहा छैन।
किनकि यो देश निर्माण गर्दा
म फाँसी चढ़ेको थिएँ,
र यस देशको निम्ति मरेको थिएँ भने
आज पनि जिउँदै मरेकोले

आफ्नो बारेमा मलाई केही थाहा छैन।
किनकि मेरो न्वरान गर्ने
अनेक मालिक छन् मेरा।
मेरो न्वरान एकपल्ट होइन हजारपल्ट भइरहन्छन्
मेरो न्वरान गर्ने मेरा आमा-बाबु छैनन्,
थिएनन् र
अर्काका आमा-बाबुले
मेरो न्वरान पनि
गरेकोले
मेरो नाम मलाई थाहा छैन।
किनकि न्वरान गर्ने मालिकलाई मात्र
मेरो नाम थाहा हुनुपर्छ।
देशको घर-झगड़ादेखि
लिएर
विश्व-युद्धसम्म लड़ेकोले
आफ्नो छात्ती पर्खाल झैं उभ्याएर
हजारौं गोली थापेकोले
यो छात्तीमा कुनै स्पन्दन छैन।
मेरो छात्ती त ढुंगा झैं
चिसो र निर्जीव भइसकेको छ,
हृदयभित्र कुनै प्रकारको
व्यथा र वेदना पनि छैन,
आफ्नो अस्तित्व र इतिहासको
कल्पना र सपना देख्ने
यो छात्तीभित्र
जिउँदो र स्वतन्त्र मन पनि छैन।

## भाले र साँढ़े

हामी भालेजस्तै जुइदैछौं,
हामी साढ़ेजस्तै जुइदैछौ।
हामीलाई जुझाएर आपस्तमा,
हामीलाई लड़ाएर आपस्तमा
हामी लड़ेको हेरेर रमाउने र
हाम्रो पक्ष-विपक्षमा
समर्थन ताली मारेर जताउँछन्,
कराउँछन, चिच्याउँछन्,
साइसाई र सुइसुई गर्छन्।
जुझ्ने र मर्ने,
जुझ्ने र मार्ने,
साँढ़े मात्र हुन्छ।
जुझेर जुनै भाले मरे पनि
जुझेर जुनै साँढ़े जिते पनि
सबै नै जुझेर मरे पनि
दर्शक र त्यो साँढ़े र भालेको मालिकको
केही नोक्सान हुने होइन
हारेको र मरेको भाले पनि मासु नै हो,
जित्ने भाले पनि मासु नै हो।
मालिकलाई केही फरक पर्ने होइन।
यसरी सँधै नै
भाले जुझाइ र साँढ़े जुझाइखओ खेल
हाम्रो देशणआ भइरहन्छन्!
निर्दोष र अन्जान भालेका खुट्टामा

छुरी बाँधिदिएपछि —

आँखामा रंगीन चस्मा लगाइदिएका हुन्छन्,

यसैले त्यो भाले र साँढ़ेले

आफूजस्तै भाले र साँढ़ेलाई पनि

शत्रु देख्न थाल्छन्,

अनि त साँढ़े बीचमा

भाले-भाले बीचमा युद्ध शरू हुन्छ,

अनि आपसमा यसरी युद्ध भइरहेछ।

यसैले यस युद्धमा

घायल भएर भाले र साँढ़े मर्दैछन्,

यसरी भाले र साँढ़े सकिंदैछन्।

यसैले आजकल —

यो देशमा रात परेको थाहा हुँदैन,

कहिले बिहान हुन्छ र उज्यालो हुन्छ

यसको संकेत पनि हुँदैन,

किनकि भालेलाई आपस्तमा जुझाएर

मालिकले मारिसक्यो,

किनभने —

मालिकले भाले जुझाइ र साँढ़े जुझाइको

ठेका लिएको छ,

भाले र साँढ़े जुझेर मरिसके पनि

मालिकलाई केही नोक्सान हुँदैन।

यसैले आजकल भाले होइन 'साइरन' बज्छ

रातको संकेत गर्नलाई।

र आजकल साइरन बजेपछि

घरको दैलो र खिरकी थुनेर

आफ्नो जीवन-सुरक्षाको लागि

मान्छेहरू प्रार्थना गर्न थाल्छन् र

घरदेखि बाहिर कोही पनि नजाने संकल्प गर्छन्।

किनकि रातमा घर बाहिर

कर्फ्यूको नाममा कालरात्री बसेको हुन्छ,

सुरक्षाको नाममा यमदूत बसेको हुन्छ,

भाले र साँढ़े जुझाउने यमराज

देवता बनेर पर्दाको पछि

लुकेर बसेको हुन्छ,

यसैले रात अझै लम्बिने र` छ

किनकि

भाले होइन साइरन मात्र बज्दैछ।

## शहरका मान्छे

बस्तीमा झैं देशको राजधानीमा, शहरमा —
बारी र खेतमा झैं
हरिया पालुवा,
मकै, कोदो र धानका
सब्जी र भट्मासका बिरूवा पलाउँदैनन्
मसेम र दालका लहरा लाग्दैनन्,
काँक्रा नभए पछि थाँक्रा पनि हुँदैनन्
अनि बस्तीमा झैं
खेतबारीमा गोरू जोतेर, हैंरान
गलेको हली-दाइको जाँगर र पौरख शहरमा हुँदैन,
परिश्रमको कमाइ खाएर बाँच्ने
आफ्नै कर्म र इमानमा बाँचेर हाँस्ने
मान्छेहरू पनि हुँदैनन्।

आफ्नै पसीनाको जल र परिश्रमको मल लाएर
खेतबारीमा सुन फलाउने,
आफ्नै मेहनतमा भाग्य बनाउने दाइ पनि
शहरमा हुँदैनन्।
आफ्नै पति र बच्चाहरूको
सुख र शान्तिको लागि
आत्म-समर्पण गरेर
खुशी र सन्तुष्ट बन्ने
पवित्र सीता झैं नारीहरू पनि
जहाँ हुँदैनन्!

*          *          *

खेतका कान्ला र बारीका डिलहरूमा
बुकीफूल फुलेर ढकमक्क हुन्छन्;
सुन्तला, अम्बक र अनेकन् फलहरू
फलेर बोटहरू झुकेका हुन्छन्,
फूलका बोटहरूमा पक्षीहरू झुमेका हुन्छन्,
खोला-नाला र झरनाहरू
छङ्ग....... छङ्ग गर्दै धुन सुसेल्दै बहेका हुन्छन्,
हावाको गतिसँगै फूल र पातहरू,
रूख र पोथ्राहरू,
गुन्गुनाइरहेका हुन्छन्।

रूखका बिरूवाहरू, बोटहरू
आफ्नै आकार र सीमासम्म स्वतन्त्रतापूर्वक बढ़ेका हुन्छन् !
फूलहरू आफ्नै रंग र आकारमा
आफ्नै खुशीले फुलेका हुन्छन्,
फरहरू आफैं बोटमा फलेर पाकेका हुन्छन्;
र जंगलै सुगन्धित बनेको हुन्छ,
बिरूवा पलाएका हुन्छन् आफ्नै माटोमा,
आफ्नै स्वतन्त्र आकासको छहरीमा।
सेप लाग्दैन!
यस जंगलमा कति स्वतन्त्रता छ!

*          *          *

पक्षीहरू, पशु-प्राणीहरू

खुशीले विचरण गर्छन्,
चराहरू आफ्नै भाकामा गाउने गर्छन्,
आफूलाई मनपरेका रूख र डालामै बस्ने गर्छन्,
आफूलाई मनपरेको जंगल रोज्ने गर्छन्,
अनि उन्मुक्त भएर
जीउने गर्छन्।
कत्ति आनन्दमय छन्!
कत्ति स्वच्छ र पवित्र छन् –
यी बन र बस्ती!
तर शहरमा
आकास पनि खुल्ला छैन;
धरती त आफ्नो-आफ्नै छ,
तर आकासमा पनि साँध-सीमाना
शहरका मान्छेहरूले लाउन थालेका छन्।
शहरका मान्छेहरूले,
सब थोक आफ्नै बनाउन चाहेका छन् –
आकासलाई धरि आफ्नै तिजोरीमा राख्न!
यत्ति ठूलो पृथ्वीलाई,
यत्ति ठूलो संसारलाई;
आफ्नो पेवा बनाइसके!
'मेरो मात्र' भन्न थालिसके!
बन-जंगलका ठूला-ठूला रूखहरूलाई पनि
शहरका मान्छेहरूले
आफ्नो टेबलको जंगलमा बोन्साई बनाइसके।

अब मान्छेमात्र होइन रूख पनि कैद भइसक्यो!
जंगलका फूल पनि गमलामै फुल्ने भए
किनकि जंगलमा त शहरका मान्छेहरूले
आगो लगाइसके।
अब भने गमलाको जंगलमा मात्र
फूलहरू फुल्ने भए,
किनकि शहरमा
रूखहरू ‘बोन्साई’ हुन्छन् :
फूलबारी ‘गमला’ बन्छन्।

*          *          *

बस्तीका खेत-बारीमा
बिरूवाहरू पलाउँछन् त
शहरका बारीमा बिल्डीङ
र महलहरू पलाउँछन्,
यी बिल्डीङ र महलका बोटमा
धान, मकै, सुन्तला फल्दैनन्, पाक्दैनन्;
शोषणका फल फल्छन्,
अन्याय र अत्याचार पाक्छन्,
बस्तीका खेत-बारीमा फल-फूल पाकेर
मग-मग बासना चल्छ,
तर शहरका महल र बिल्डीङका बोटहरूमा
पाप र अधर्म पाकेर
दङ्-दङ् गन्हाउँछ वातावरण!
किनभने यी बिल्डीङ र महलका बोटहरूलाई

मान्छेका हड्डी र मासुको मल लगाउनुपर्छ।

मान्छेको रगतको पानी लगाउनुपर्छ।

तब मात्र शहरको खेती सप्रिन्छ।

हाम्रो शहरका बिल्डीङ र महलको खेती

साह्रै सप्रेको छ,

कसैले बिल्डीङको जंगल अचाकली भइसक्यो

अब त मान्छे हिंड्ने बाटो पनि

यो शहरमा हराइसक्यो।

*           *           *

यस शहरमा

बिल्डीङ र महल जति नै भए पनि,

शहर जति नै विस्तृत भए पनि,

साह्रै साँधुरो भइसक्यो यो।

शहरमा बस्ने मान्छेहरू

साह्रै ख्याउटे भएर

'बोन्साइ' - को जंगलमा अहो, हराइसके !

## माया

तिम्रो रूप-रंगको वर्णन
म कसरी गरूँ?
तिमी कहाँ अनि कुन रूपमा छौ;
अनि कति व्यापक र विस्तृत छौ;
म नियालेर भन्न् सक्तिनँ,
म लेखेर क्षेत्रफल बताउन सक्तिनँ,
म स्पर्श गरेर भन्न सक्तिनँ,
तिमी के हौ?
तिमी कहाँ छौ?
म त अनुभावमात्र गर्न सक्छु।
तिमी कति शक्तिशाली र विशाल छौं,
त्यसको अनुमान लगाउन
आजसम्म कसैले सकेन।

तिम्रो माया र कथा लेखेर
कसैले सम्पूर्ण वर्णन गर्न सकेन।
तर तिमी त प्रत्येक युगमा
अनेकन् रूपमा
सबैमा व्याप्त थियौ,
र आज पनि तिमी
सबैमा व्याप्त छौ,
र यसरी धेरै-धेरै युगहरूपछि
झन्-झन् आज

तिमी त बैंशालु र तरूणी बनेकी छौ,
सबैले पाउने कोशिष गर्छन् तिमीलाई
तर तिमी कसैको पेवा भइनौ।

बरू तिमीबिना कोही नबाँच्ने
र सृष्टिको कुनै पनि अस्तित्व असम्भव भयो
पृथ्वीका चराचर त के र,
भूमण्डलकै सृष्टि पनि तिमीमानै निहित छ।

तिमी माया,
अनेकौं रूपमा आत्मसात् भएर
सबैमा व्याप्त छौ।

पशु-प्राणीमा शाश्वत मायाको रूपमा व्याप्त छौ,
आमा र नानीको बीचमा पवित्र मनताको
रूपमा अमर छौ,
चेली र माइतीको बीचमा स्नेह
र स्त्री – पुरूषको बीचमा प्रणयको रूपमा
सर्वव्याप्त छौ।

मान्छे-मान्छे बीचमा सद्भावना
प्रेम, मानवताको रूपमा छौ भने
त्याग, बलिदान, दया र क्षमताको
रूप पनि त तिम्रै हो।

सृष्टिमा हेवा र आदम पनि तिम्रै
रूपका अंश थिए;
हीर-राझाँ, शाहजहाँ र मूमताज पनि
तिम्रै प्रतिरूप हुन्।
यसैले –
माया तिमीलाई मेरो विन्ती छ –
तिमीबिना सबै अधुरो छन्,
तिमीबिना विश्व नै अँध्यारो छ,
यसैले अधुरो र अपूर्ण मान्छेको
पाषाण ह्रदयमा,
त्यो कठोर र निर्दयी मनमा
तिमी गएर बसिदेऊ न....।
अनेक टुक्रामा विभाजित विश्वका मान्छेहरूलाई
मानवताको डोरीले बाँधिदेऊ न.....
ताकि मान्छेको ह्रदय-सागरबाट
सम्यक् दृष्टि-गंगा बहिरहोस्,
मानवताको गंगा बहिरहोस्,
परोपकार र धर्मको गंगा बहिरहोस्,
समानता र एकताको गंगा बहिरहोस्,
माया र प्रेमको गंगा बहिरहोस्,
सत्य र शान्तिको गंगा बहिरहोस्!
माया, तिमीले,
यस संसारलाई
आफ्नो मायाको जालमा

यति साह्रो बाँधेकी छौ
कोही पनि तिमीबाट टाढ़ा हुन सक्तैन
तिमीबाट विच्छेद रहन सक्तैन।

तिमी कुन रूपमा कहाँ छौ?
कसैले भन्न सक्तैन,
कसैले देख्न सक्तैन,
तिम्रो रूप, रंग र आकार
कस्तो र कत्रो छ?
कसैले अनुमान पनि लगाउन सक्तैन।

तिमी सबैमा व्याप्त छौ र पनि
तिमीलाई सबैले खोज्दैछन्,
तिम्रो प्राप्तिको लागि सबै प्यासी छन्
माया !
तिमी कहाँ छौ ?

## मनको साँध

यस संसारमा शुरूदेखि अहिलेसम्म
इभ र आदमदेखि आजको मानिससम्म
मान्छेले इच्छानुसार संसारमा
देश निर्माण गरेका छन्,
अनेकौं देशको सीमाना
यही धरतीमाथि कोरेका छन्।
देश ध्वँस्त पारेका छन्,
देशका सीमाना मेटाएका छन्,
देश-विदेश र विदेश-देश
एउटै धरतीमाथि बनाएखआ छन्।
यो क्रम धरतीमाथि युग-युगदेखि चलिरहेछ,
सीमाना कोर्न र मेटाउने काम भइरहेछ।
मान्छेको देश र विदेशको स्थापना र विस्थापनाको नाममा,
यसरी मान्छेको सुरक्षा र रक्षाको नाममा;
मान्छेको हत्या र बलिदान गर्दै,
अभिमान र स्वाभिमानको मुद्दा बनाएर,
मान्छेको चोखओ अस्तित्वलाई विवादास्पद बनाएर,
मान्छेको सिंगो स्वरूपलाई प्रश्न-चिन्ह बनाएर,
जात, धर्म र वर्णमा विभाजित र खण्डित मान्छे!
मान्छे; स्वयम्मा खिएर ख्याउटे मान्छे,
मान्छे, आफैमा विलुप्त र विक्षिप्त मान्छे।
मान्छेहरू एकार्कासँग शंका र उपशंका गर्छन्,
मान्छेहरू एकदेखि अर्कोसँग त्रस्त र भयभीत छन्।
एकले अर्कोलाई विश्वास गर्दैनन्,

किनकि मान्छे, मान्छेमा विश्वास रहेन।
एकले अर्कोलाई मान्छे र आफूजस्तै सोच्दैन।
किनकि मान्छे बीचको मान्छेको साइनो नै रहेन,
सबै आफ्नै धुन र लयमा मदमस्त छन्।
कसैलाई कसैको पर्वाह छैन,
कसैलाई कसैको अलिकति पनि वास्ता छैन,
आफू हुनु र बाँच्नुको सुरमा
कसैलाई कसैको मानो जरूरत पनि छैन।
मान्छे आफ्नै मतलबको सीमाना कोरेर
आफ्नै साम्राज्यमा
विराजमान सिंहासनमा स्वयम्भू हो।
पाँच अरब मान्छेको वेदना र व्यथाको यो कथा हो।
यसैले यस संसारमा आज
प्रत्येक मान्छे नै वास्तवमा नितान्त एक्लो छ;
पूर्व, पश्चिम, उत्तर-दक्षिण जता पनि फर्केर हेरे आज
मान्छेहरू सबै निराश र उदास छन्।
किन हो —
मान्छेले मान्छेकै भाषा भुझ्दैन,
मान्छेले मान्छेकै व्यथा बुझ्दैन,
मान्छेलाई मान्छेकै साइनो थाहो छैन,
मान्छेलाई मान्छेकै माया थाहा छैन,
मान्छे कति जड़ बन्न सक्छ,
मान्छे कति निर्दयी बन्न सक्छ!
आफ्नो साम्राज्यमा
मान्छेले अरूलाई मारेर

आफू बाँच्ने संविधान बनाउन सक्छ,
अरूलाई होंचाएर आफू अग्लिन सक्छ,
अरूलाई अन्याय-अत्याचार, शोषण-दमन गरेर
उ एक्लै बाँच्न पनि सक्छ,
देश-देश बीचदेखि मान्छेसम्म
यसरी द्वन्द्व र युद्ध भइरहन्छन्,
मान्छेले मान्छेलाई संहार गर्न युद्ध लड़िरहन्छन्,
बम, बारूद र मिजाइलको खेलाँची खेलिरहेछन्।

मान्छेले विभत्स हतियार उठाएर
संसारलाई त्राही-त्राही पारेको छ।
मान्छेको पाँच अरब आबादीलाई,
मान्छेको वर्तमान र भविष्यलाई,
मान्छेको भाग्य र अधिकारलाई;
आफूमात्र हुनुको दावामा
मान्छेले जुवामा च्याँखे थापेको छ।
यसरी आजसम्म मान्छेले धेरै युद्ध जितेर पनि
आफैमा हारेको छ,
मान्छेले मान्छेकै मन र ह्रदयलाई जित्न नसकेर
आफैमा निःसासिएर रोएको छ।
मान्छेले यस संसारमा
धेरै युद्धहरू जित्यो।
तर अफसोस,
मान्छेले मान्छेकै मन जित्न सकेन।
मान्छेले देश र विदेश बीचमा धेरै सीमाना कोरिसक्यो

अनि मेटाई पनि सक्यो।

तर अफसोस,

मान्छेले मान्छे–मान्छे बीचमा कोरिएको मनको साँध मेटाउन सकेन —

उ एक हुन सकेन।

## मान्छेको यो बस्तीमा

मान्छेले आफैलाई प्रश्न गर्नुपर्छ –
-तिमी को हौ?
-तिमी के हौ?
-तिम्रो जात के हो?
तर कुन भाषामा सोध्ने?

मान्छेले मानवताको भाषा –
मान्छेको भाषा नबुझ्ने भयो,
मान्छेले मान्छेको सम्बन्ध
बिर्सिसक्यो।

म मान्छेलाई कुन भाषामा सोधुँ?
म मान्छेसँग कुन भाषामा बोलुँ?
म मान्छेसँग यसरी सम्बन्ध स्थापित गरूँ?
तर मैले चाहेको साइनो
मान्छेले मन पराउँदैन,
मैले बोलेको भाषा
मान्छेले बुझ्दैन;
किनकि-मान्छेको साइनो चाहन्छु म,
मानवताको भाषा बोलुछु, म।

तिमीले
मान्छे भएर
एउटा नारीको मर्यादा र ममतालाई
बचाउन सकेनौ (!)
उसको कोखलाई

सँधैको लागि बाँझो पार्‍यौ भने
तिमीले तिम्रै आमालाई पनि
बलात्कार हुनुबाट बचाउन सकेनौ।
धिक्कार छ तिमीलाई!
युगको इतिहासले
तिमीलाई माफ गर्ने छैन।

तिमीले गरेका बलात्कारहरूको,
तिमीले गरेका हत्याहरूको,
तिमीले गरेका पापहरूको,
तिमीले गरेका अन्यायहरूको,
तिमीले गरेका भविष्यको भ्रूण-हत्याहरूको,
तिमीले प्रायश्चित गेरर हुने होइन,
किनकि यो त इतिहास हो अत्याचारको,
जुन कहिले मेटिंदैन
मान्छेको मनबाट;
तिमी नरहे पनि
इतिहास मेटिंदैन!

तिमी जहाँ निर्वासित होऊ,
लिबियामा जाऊ  कि अमेरिकामा जाऊ,
तर तिमीलाई
तिम्रो पापले कहिले छोड्ने छैन,
मान्छेको पवित्र आत्माले
कहि माफ गर्ने छैन।

तिमी मरेर गयौ हिटलर
आफ्नै आत्माको हत्या गरेर
प्रायश्चित गर्‍यौ,
तिमी संसार छोड़ेर गयौ मुसोलिनी,
तिमी भाग्यौ इदी अमीन,
तर आफैबाट कहाँ भाग्ने ?
तर तिमीहरूलाई
आज पनि थुकिरहेछ इतिहासले
घृणा गरिरहेछन् यी मान्छेहरू।
यो बस्तीमा आजकल
मान्छेका आवाजहरू
नसुनेको धेरै भयो।
कुन्नी के भयो!
मान्छेहरू आजकल बोल्न छोड़े कि!
यस बस्तीबाट कुकुरहरूका
आवाज-भुकाइहरू र
गर्जनहरू मात्र आउँछन्।
शायद मान्छेहरू बसाईं सरे कि,
विचारको बस्तीबाट!
शायद मान्छेका आवाज र बोली
मान्छेले बोल्न थाले कि कुकुरबाट!
तर पक्का हो —
यो बस्तीमा कुकुरहरू मात्रै
जीवित भएको आभास हुँदैछ,
र रातभर कुकुरहरू मात्र भुकेको सुनिन्छ।

शायद जाड़ो यो भोकले होला –
बिहान कुकुरहरू, साह्रै कराउँछन्।
तर दिनमा चकमन्न पनि हुन्छ
घामको उष्णताले होला –
घरि-घरि भने निक्कै कराउँछन्,
हड्डिमा कुकुरहरू बाझेकोले हाला।
आजकल त कुकुरहरू साह्रै
भुक्न, कराउन र गर्जिन पनि थालेका छन्;
शायद बौलाएरै होलान्!
अब डराउनु पर्छ –
किनकि कुकुर बौलाएको छ।
मान्छे डराएर बाँच्नु पर्छ
बौलाह कुकुरसणग
कित मालिक कुकुरसँग,
किनकि –
कुकुरले मान्छेको अभियन गर्दैछ
मान्छेले कुकुर बुन्दैछ!

## म बाँच्दैछु

आजको युगको अप्ठ्यारो बाटोमा
हिंड़िरहेछ यो समय।
यसरी अनादिकालदेखि नै
हिंड़िरहेछ यो समय
युगको सड़कमा।
समयले
इतिहासहरूलाई
काखीमा च्यापेर
हिंड़िरहेछ निरन्तर।
आज पनि मान्छेको मुटुमा
इतिहासको व्यथा दुख्छ,
आज पनि मान्छेको छात्तीमा
इतिहासको भूइँचालो जान्छ,
र आज मान्छेहरू
हिजोको इतिहासले जन्माएका
रोगहरू लागेर
रोगी जिन्दगी बाँच्दैछन्।
इतिहास कोरिन्छ तर मेटिंदैन –
र आजका मान्छेका छात्तीमा
चन्द्रमाको कालो दाग झैं
इतिहासका काला दागहरू कोरिएका छन्,
र मान्छेका छात्तीहरू पीड़ाले दुखिरहेछन्।
विपनामै सपना देखेर
आजकल मान्छेहरू ऐठन पर्छन्!

यसैले दिन पनि मान्छेको पीड़ाले छट्पटिन्छ,
रात पनि मान्छेको वेदनाले तड़पिन्छ,
धरती र आकास पनि मान्छेको
निराश र उजाड़ हुन्छन्;
किनकि मान्छेको विश्वास
मान्छबाट मरेको छ,
र मानवता घाइते भएर
एक्लै रोएको छ।

यो देखेर
मानवता हाँस्न चाहन्छ,
तर समयको वेदनाले
निराश छ।
म आज हिजोको इतिहासको सत्यतालाई बाँच्दैछु
म महाभारतको संजय जस्तै —
मूक — दर्शक बनेर इतिहासलाई भोग्दैछु!
तर म कसरी बाँचु (!)
संजय जस्तै भएर —
म संजय होइन,
धर्मयुद्ध महाभारतको,
म त योद्धा हुँ - युद्धको,
मान्छे हुँ कर्मको,
मानव हुँ धर्मको,
यही धरतीलाई स्वर्ग
र स्वर्गलाई धरती
बनाउने
सृष्टिकर्ता आफै हुँ म!
म कसैको भरोसामा र
आशीर्वादमा बाँच्ने
त्यो मान्छे होइन,
कुनै ऋषि मुनिको श्रापले
पत्थर बन्ने त्यो देवता पनि होइन
म त मान्छे हुँ
सृष्टिकर्ता आजको संसारको।
यसैले म कसरी विश्वास गरूँ! —
लंकामा गएर रामको फौजले
असहाय नारीहरूको नाक-कान काट्ने
र बलात्कार गर्ने युद्धलाई —
धर्मयुद्ध भनेर;
कर्णलाई धोकामा पारेर
हत्या गर्ने अर्जुनलाई
म कसरी वीर भनेर विश्वास गरूँ?
धनुर्धारी आफ्नै शिष्यको बूढ़ी - औंला गरूदक्षिणा माग्ने

गुरूलाई कसरी गुरू भनेर
पूजा गरूँ?
र आज पनि अन्धभक्त भएर
म कसरी बाँचु?
यसैले आज म इतिहासको पन्नामा
बलात्कृत नारीहरू भएर बाँच्दैछु,
'धोकामा परेर' मरेका कर्ण भएर
म बाँच्दैछु :
एकलव्य जस्तै भएर बाँच्दैछु!
मेरो बँचाइमा इतिहासको अट्टहास छ,
मेरो हँसाइमा इतिहासको उपहास छ,
किनकि म हिजोको इतिहासको
नयाँ संस्करण बाँच्दैछु;
म हिजोको मानवको नयाँ अनुहार बाँच्दैछु।

आजको इतिहासमा म,
आजको विश्वास म;
तालहरू भएर बाँच्दैछु —
इदी अमीनको ताण्डव — नृत्यको
करूण चीत्कारहरू भएर बाँच्दैछु,
हिटलरको कालकोठरी भित्रको
भोक, रोग र शोक भएर बाँच्दैछु —
इथियोपिया र रोमानियाका मान्छेहरूको।
आँसु र क्रन्दन भएर बाँच्दैछु —
सती भएर मरेका र
बलात्कृत भएका नाराहरूको,
वेदना, व्यथा, अभाव, र असुरक्षा बाँच्दैछु
युद्धमा मरेका शहीदहरूका
छोरा-छोरी र विधवाको,
म मृत्यु भोगेर बाँच्दैछु —
क्रूसमा झुण्ड्याएर मारिएका यीशुको;
र म जीवित भएर पनि
मलाई शंका लाग्छ :
मेरो जिउँदोपनमा,

आफैलाई विश्वास लाग्दैन –
मेरो हुनुमा !
यसैले –
आजकल मलाई के भएको छ :
मलाई भन्न मन लागेर पनि
भन्नै सक्तिनँ,
सम्बन्ध स्थापित गर्ने इच्छा भएर पनि
मलाई डर लाग्छ मान्छेसँग,
मान्छे देखेर पनि
मान्छे हो कि होइन –
शंका लाग्छ मलाई!
मभित्र एउटा छट्पटि बाँचेको छ
के म त्यही छट्पटिलाई
म जिउँदो छु भनुँ?
म युगको साँधुरो बाटोबाट भएर
समयको नदीमा बगिरहेको छु,
के म यही बहाइलाई
मेरो गति भनुँ?
के म यही युग र समयलाई
मेरो इतिहास ठानुँ?

## वीर्य-दान

हाम्री आमाको बलात्कार गर्ने
हाम्री चेलीको ईज्जत लुट्ने
हाम्रा बाबु र दाजुको हत्या गर्ने
पापी हिटलर र इदी अमीन,
चाउचेस्को र मार्कोस
आज पनि हाम्रो संसारमा
बलात्कार, गर्दैछन् हाम्रा आमाहरूलाई,
हत्या गर्दैछन्, हाम्रा बाबुहरूको! —
संसारको वल्लो छेउदेखइ पल्लो छेउसम्म,
पूर्वदेखि पश्चिमसम्म
सबै ठाउँ र सबै मान्छेका गाउँहरूमा।
आज पनि नियीहरू
कुनै न कुनै भेषमा,
कुनै न कुनै रूपमा;
मान्छेको भाग्य र अधिकार लुटेर
धन-दौलत र पूँजीको शक्तिमा
आफ्नो व्यवस्था कायम गरेका छन्!
आफ्नो शासन र आसन विराजित छन्!
यही मानवरूपी दानवले,
यही देवरूपी यमराजले;
मान्छेलाई यत्रतत्र सर्वत्र त्रस्त पारेका छन्।
यसैले —
यस नर्क-कुण्डरूपी संसारमा आजकल

मान्छेका प्रत्येक घरहरूमा
यीशू क्रूसिफाइड भएको छ,
बुद्ध असहाय भए रूँदै बसेको छ,
मान्छेका सबै घरहरूमा
अब्राहम लिंकन गोली लागेर
रत्तामे भएर मरेको छ,
नेल्श मण्डेला कैदी भएर झोक्रिएर बसेको छ।
कसैले आजकल मान्छेको संसारमा
मान्छेहरू मानवताको भाषा बोल्दैनन,
यसैले पनि होला कि मान्छेले मानवताको भाषा बुझ्दैनन्,
मानवता, बुद्धि र विवेक त
मान्छेले आफ्नो स्वार्थसित साटिसके
मानवता, सत्य र धर्म भन्ने कुरा त
मान्छेको संसारमा नचल्ने सिक्का भइसक्यो
यसैले —
वाद - विवादको चक्रव्यूहमा संसार फँसेको छ
र यस चक्रव्यूहभित्र —
जातिवाद, धर्मवाद, पूँजीवाद, शोषणवाद,
दानववाद, मिथ्यवाद,व्यक्तिवाद, स्वार्थवाद,
पलायनवादका, आग्नेय शस्त्रहरू विस्फोट भएखआ छन्;
चरस, गाँजा, मादक पदार्थको
धुवाँ व्याप्त छ चारैतिर,
अन्धकार छ चारैतिर,
एकले अर्काको मनको संसार

चियाएर पनि हेर्न नसक्ने भएको छ,
एकले अर्को मान्छेलाई ठिम्याउन र
चिन्न नसक्ने भएको छ।
साह्रै दुर्गन्ध र फोहोर भइसक्यो,
साह्रै अस्पष्ट र अँध्यारो भइसक्यो
मान्छेका मन र विचाहरू,
मान्छेका इच्छा, आकांक्षा र नैतिकताहरू।
यस संसारमा मान्छेहरू
साह्रै लुते र ख्याउटे भइसके,
साह्रै सस्ता र आश्रित भइसके,
मान्छे भएर पनि मान्छेत्वको सतहमा उभिएर
बाँच्नसम्म नसक्ने भइसके,
मान्छे आफ्नो हक र मर्यादसम्म
नबुझ्ने भइसके।
किनभए ः
म बाहेक अरू पनि छन् भन्ने मान्छेले,
र मेरो झैं उसको पनि
इच्छा र आकांक्षा हुनसक्छ,
मेरो झैं उसको पनि
विपना र सपना हुनसक्छ भन्ने –
भलिसकेछन् मान्छेले,
यसैले व्यक्ति बाँचेको छ खुम्चिए मान्छे
विचार र मनमा
खुम्चिएर स्वयम्मा सीमित व्यक्ति।
छक्क पर्नु छ –

मान्छेहरू सबै मातेका छन्,
सबै हिजोको धङ्धङीमा
आज पनि बाँचेका छन्,
सबैलाई क्षणिक भए पनि
मोज-मज्जा चाहिएको छ,
सुख र शान्ति चाहिएको छ,
यसैकारण त
पैसाको बलमा, यौवनको खेलमा
हस्तमैथुन गरेर
नपुंसक भइसकेको पुरूष पनि
वेश्याको कोठामा मरद भए जान्छ
अनि पानीजस्तो पातलो वीर्यपात गर्छ।
यस्ताको वीर्यबाट
गर्भाधान भएको छोराबाट
मे के आशा गरूँ भोलिको?
वेश्यावृत्ति गरेर
किंवा
वासनाको उन्मादलाई रोक्न नसक्ने
अनुशासनहीन,
संयमहीन,
चरित्रहीन,
नारीबाट पनि
स्वच्छ र निरोग
युग-पुरूषको जन्म हुन्छ कसरी भन्नु!
किनकि –

यस्ता पुरूष र नारीको वीर्यमा
हाम्रो भविष्य नाश भइसकेको छ,
हाम्रो भविष्यको भ्रूण-हत्यानै होस् बरू!
यसैले प्रिये,
हामीले त अझै यस संसारको लागि,
यस संसारका मानवमात्रको लागि,
हाम्रो रमाइलो भविष्यको लागि,
यस्तो छोरा जन्माउनु छ।
यस्ता नामर्दभन्दा त बरू
अटलास झैं हाम्रो छोरा राक्षस नै होस् सही,
पृथ्वीलाई आड़मा बोकेर
हिंड़न सक्ने
पृथ्वीलाई नै आफ्नो वशमा राख्न सक्ने।
आफू-जस्तैहरूसँग दबिएर,
दया-माया थापेर,
भिखारी त बन्दैन;
आफ्नो शक्ति र बल-बूतमा
बाँच्न सक्छ,
आफ्नै नाममा बाँच्न सक्छ।
यसैले हाम्रो छोरा
महाकाशको आयतनमा जन्माउनु छ
जसले यही पृथ्वीमा स्वर्ग स्थापना गर्न सकोस्,
शान्तिमा रमाहटपूर्ण बस्ती बसालेर;
यो धरतीको कोमल काखमा
हाम्रो छोराले

नयाँ संसारको सृजना गरोस्;
विचार र आचारको,
धर्म र कर्मको,
समानता र भाइचाराको;
यस्तो सत्पुरूष जन्माउनु छ –
यो नयाँ युगमा नयाँ पुस्ता जन्माउन
तिमीलाई वीर्य – दान गर्न सहर्ष मलाई स्वीकार गर प्रिये!

## नयाँ वर्षको पहिलो दिनमा

नयाँ वर्षको पहिलो दिनमा आज
नयाँ सम्झना र नयाँ उपब्धिको
नयाँ इतिहास, नयाँ कथा, नयाँ संसारको
सपना समेटेर ह्रदयमा,
दिनभरि कोठामा एक्लै
हाँस्दै, रमाउँदै आफ्नै भावनासँग
गफिंदै, जिस्कँदै
सम्बद्ध  असम्बद्ध पक्षलाई
कल्पनाको तराजुमा तौलिंदै
विगतका वर्षहरू कसरी बितेछन्।
(केही पनि सन्तिष्टि नपाए)
र आउने वर्ष पनि
त्यसरी नै बित्ने हो कि ? –
भन्ने ठूलो डर, त्रास, एवम्
सम्भावना पलाएकोले मनमा
अत्यन्त ग्रस्त थिएँ म –
विगतका वर्षहरू सम्झेर।
अमूल्य पल – पल
त्यसै गएछन् मेरा,
यत्रो वर्ष मैले र मान्छेले बिताएका
त्यसै –त्यसै बितेछन्,
केही उपलब्धि आफ्नो नाममा नथपी
एवम् मान्छेको इतिहासमा

केही ठोस पृष्ठ नथपी
कसरी बितेछन् –
यतिका वर्षहरू!
यी बितेका वर्षहरू –
पल्टाएर यसो पछि फर्केर हेरें
मान्छेले भोगेका पृष्ठहरू
संशोधन गरी नसक्ने
भूलहरू समावेष्ठित छन्।

चार जात छत्तीस वर्णमा विभाजित
मान्छेको इतिहास
यातना, आँसु, वेदना, अन्याय,
अत्यचार, भोक, रोग र
शोकको भयावह रगत
आँसुको सागर यो!
कति पल्ट छट्पटिएर
भोकले, रोगले, शोकले
कि ता अन्याय - अत्याचारले,
युद्धका विभीषिकाले,
धर्म र वर्णको राजनीतिले,
वर्गभेदको यातनाले,
कुप्रथा, कुरीति र रिवाजले
कति सती भए तड़पे,
कति बलि भएर मरे!

यसरी मान्छेले बिताएका,
यसरी मान्छेले भोगेका;
विगतका अनेकौं-अनेकौं वर्षहरू
मान्छेका आँसु र रगतले
लेखिएको यो इतिहास!
मान्छे-मान्छे बीचमा
मान्छेको सम्बन्ध
स्थापित हुन नसकेको
यो दुःखद इतिहास!
यसैले, आउने वर्षहरू :

नयाँ वर्षहरू —
मान्छेको इतिहासमा नयाँ पृष्ठ
मान्छेको चोखो माया
र साइनोले लेख्नुपर्छ,
र विगतका वर्षहरूमा
मान्छेको रगत
र आँसुले लेखेको इतिहास
हामीले च्यात्नुपर्छ।
तिमी, हामी र फलानो
म, तँ सबै
मान्छेको साइनोमा स्थापित
भएर शाश्वत
मान्छेको इतिहासको शरूआत् गर्नुपर्छ।
यो नयाँ वर्षमा —

नयाँ उपलब्धि;
मायाको, दयाको, प्रमको,
क्षमताको,
समानताको होस्, सबैमा।
मान्छेको व्यवस्था र अवस्थाले
निर्माण गरेका
वाध्यता, विवशता र रीति-रिवाजको
नाममा,
परोक्ष र अप्रत्यक्ष रूपमा
सम्बद्ध र असम्बद्ध अवस्थामा
जेल, नेल र सेलजस्तो
जियाइ  भोगाइको परिधि
जीवनले स्वीकारेर
बन्दीजस्तो जिन्दगीको
दर्दालु कथा र व्यथा
विगतका दिनहरूले
जन्माएका छन् –
मान्छेको यो संसारमा।

## घोड़ा बोल्दैन

गन्धे र साँघुरो अस्तवलमा
धेरै समयदेखि
बूढ़ो घोड़ा बसेको छ।
यो घोड़ा हिजो सानो र तन्देरी थियो,
तर आज यो घोड़ा निकै बूढ़ो भइसकेको छ।
तर पनि यतिका समयदेखइ
ओ घोड़ाको अस्तबल फेरिएको छैन,
र हिजोभन्दा झन्-झन्
यो अस्तवल पुरानो र भत्किंदै गइरहेको छ।
आज भित्रैबाट जून-तारा
र सूर्यलाई देख्न सकिन्छ,
वर्षाको पानी पूरै घोड़ाको शरीरमा चुहिन्छ,
घामको उष्णता पूरै घोड़ाको शरीरमा झर्छ,
त्यही माथि अस्तवलको मुन्तिर पूरै
लिदी जम्मा भएको छ।
अस्तवलभित्र पनि त्यतिकै-लिदी छ,
आजकल पहिला झैं त्यो घोड़ाले
दाना-पानी र घाँस पाउन छोड़ेको छ
र त्यो घोड़ा विचरा!
धेरै कमजोर पनि हुँदै गइरहेको छ।
किनकि घोड़ाको अस्तवलमा काम गर्ने
गोठाला र सइसले खान थालेका छन्,
र घोड़ाले पेटभरि खान पाएको छैन।
यस्तो भएको धेरै भइसक्यो।
यी सब के भइरहेछन् –
घोड़ालाई थाहा छैन,
घोड़ा बोल्न सक्दैन!
उसका सइम र गोठाला
साह्रै अल्छे र बदमास छन्
यस घोड़ाले –

धेरै सइस र गोठाला-फेरिसकेको छ,
धेरै सइस र गोठाला देखिसकेको छ।
तर यस्तो सइस र गोठाला
पहिला कहिल्यै देखेको थिएन।
उसकी घोड़ीलाई यस गोठालाले
बलात्कार गर्न खोज्दा
घोड़ीले प्रतिवाद गरेर लात हानेकोले
गोठालो र सइस मिलेर घोड़ी बौलायो भने
र गोली हानेर मारे (!)
आफ्नी घोड़ीलाई अन्याय र हत्या गरेको
घोड़ाले हेरिबस्यो मात्र,
प्रतिवाद जनाएन
किनकि घोड़ा बोल्न सक्तैन!
पटेका पड़किंदैछ
झिलिमिलि भएर शहर सजिएको छ।
आकासबाट फूलहरू बर्सिंदैछन् —
देशको राजधानीमा,
तोपको सलामी दिइँदै छ,
राष्ट्रिय धुनको आवाज गुञ्जायमान छ;
जतातै रमाहट छ : घोड़ा तर्स्यो!
बूढ़ो घोड़ाले आवाज सुनिरहेछ,
र यो आवाज किन आइरहेछ;
अनि के भइरहेछ
त्यो घोड़ाले बुझ्दैन —
आज देशको स्वतंत्रता दिवस भनेर
कि त कुनै ठूलो पर्व भनेर।
तर पनि थाहा छैन त्यो घोड़ालाई
देश स्वतंत्र भएर पनि
घोड़ा स्वतंत्र भएको छैन,
उसलाई केही फरक परेको छैन
हिजो झैं आज पनि

उसले त मालिकलाई बोकेर हिंड्नै पर्छ
जिन-लगाम र करेलीमा बाँधिनै पर्छ
पहिला झैं अहिले पनि
उ त्यही परानै अस्तवलमा बस्नै पर्छ।
त्यही दाना, त्यही सुकेको पराल
पनि त पेटभरि खान पाइन्न,
किनकि त्यो दाना र पराल पनि
आजकल त सइसले खान थाल्यो
र झन् घोड़ालाई हिजभन्दा
आज भोकै हुनु पर्‌यो।
हिजो पनि घोड़ाले मालिकलाई बोक्नुपर्थ्यो भने
आज पनि मालिकलाई नै बोक्नु पर्छ,
देश स्वतंत्र भएर;
सरकार बद्‌ली भएर
मालिकले घोड़ालाई बोक्ने होइन,
मालिक घोड़ा र घोड़ा मालिक –
हुने पनि त होइन,
किनकि यी दुई थरी
हिज जहाँ थिए
आज पनि त्यही नै त छन्।
केही परिवर्तन आएको छैन,
घोड़ालाई केही फरक परेको छैन।
किनकि मालिकको वजन त
बरू हिजो भन्दा
आज झन् गह्रौं भारी भएको छ।
किनभने घोड़ाले मालिकमात्र होइन
स्वतंत्रता दिवस र दिवालीमा
पड्‌केका पटेकाहरू पनि बोक्नु पर्छ
गगनचुम्बी महल निर्माण गरेको बिल र
फाइबस्टार होटलमा सुहागरात मनाएको
हिसाबको भारी पनि यही घोड़ाले बोक्नु पर्छ।

यत्रो भारी बोकेर पनि –
कुनै प्रकारको प्रतिक्रिया जनाउँदै,
किनभने घोड़ा बोल्न सक्तैन।
घोड़ालाई सइसले अस्तवलबाट लिएर गइरहेछ
घोड़ा पछि–पछि हिंड़िरहेछ......
जिन–लगाम कसिएको छ
मुखमा करेली छ,
अघाड़ि बाटो मात्र छ,
मालिकलाई बोकेर हिंड्ने बाटो,
मालिकलाई बोकेर पुर्‍याउने बाटो,
त्यस बाटो भएर घोड़ा हिंड़ेको छ सँधै
अनि धेरै मालिकलाई यसरी बोकेर
बूढ़ो घोड़ा यो बाटो हिंड़ेको छ।
आजकल घोड़ाले खान र स्याहार नपाएर
मालिकलाई बोकेर हिंड्न नसक्ने
असक्त भइसकेको छ,
साह्रै कमजोर भइसकेको छ;
तरै पनि मालिकलाई बोक्नै पर्छ,
त्यही माथि मालिक पहिलाभन्दा
साह्रै गह्रौं भइसकेको छ,
के भएर मालिक यत्ति साह्रो मोटायो
घोड़ालाई थाहा छैन,
मालिक मोटाएखओ र
आफू भोकै भएको घोड़ालाई थाहा छैन।
उसले धेरै मालिक फेरिसकेको छ,
र पनि केही पनि थाहा छैन।
आजकल त मालिक मात्र होइन
सइस र गोठाला पनि मोटाएको देखेर
घोड़ा पनि छक्क पर्दो हो,
उसले खाने घाँस र दानाको ताकत देखेर

घोड़ाले पनि गर्व गर्दौ हो,
तर यी सब घोड़ाले बुझेको छैन,
हिजो र आजको इतिहास हो –
'म घोड़ा' भन्ने थाहा छैन।
'म चेतक पनि हुनसक्छु' भन्ने थाहा छैन।
तर पनि यो घोड़ा
अस्तवलमा आफू बसेर
मालिकलाई बोकेर महलमा पुर्‍याएको छ।
यो सत्य कुरा विचरा घोड़ालाई थाहा छैन;
यो घोड़ा आज पनि पुरानो अस्तवलमा छ,
सकेको पराल र दाना पनि
सइस र गोठालाले खाएर
आजकल त विचरा, बूढ़ो घोड़ा!
सासमात्र भएको छ।
र पनि घोड़ाले
कुनै प्रतिवाद गरेको छैन,
किनकि घोड़ाको प्रतिवाद गर्ने चेतना हुँदैन
किनकि घोड़ा बोल्दैन,
कुनै प्रकारको प्रतिक्रिया जनाउँदैन,
किनभने घोड़ा बोल्न सक्तैन!

## आत्म-स्वीकृति

१६ जून `९२ को ९ बजी रात
एकजना साथीको निवास्थान
जहाँका परिवार र सहयोगी साथीहरू - माझ
कुराकानीमा मस्त थिएँ —
मानवताको पक्षमा वकालत हुँदै थियो।

अचानक,
हाम्रो विचारको संसारमा
दुईजना दूतहरूले
स्वतंत्रताको घोषणा — पत्र मेरो
हातमा थमाइदिए!
सुनको पिंजरादेखि मुक्त भएको तोकले
मलाई अत्यन्त हल्का र सञ्चो पार्‍यो,
स्वतंत्रताको स्पर्शले मलाई
शरीरको तन्तु-तन्तुमा
खुशीको च्याप्प अँगाल्यो,
पिंजरादेखइ उम्केको चरा जस्तै
मेरो स्वतंत्र-मन उड्न थाल्यो
माथि-माथि अझै माथि
विचराको आकासमा सूर्य समाउन।

अब मैले पिंजराका ती मैना र सुगा जस्तो
'सीताराम सीताराम' भनिरहनु परेन,

कसैले खटनमा दिएको चारो खाएर
बन्दी जिन्दगी नै मैले बाँच्नु परेन!
अब म 'म'- मात्र छु!
पिंजराबाट मुक्ति पाएको चरो जस्तै –
उन्मुक्त गतिले उड़न सक्छु,
बन-जंगलमा, रूखका हाँगा र डालाहरूमा
बस्न सक्छु, विचरण गर्न सक्छु।

आफूले मन परेको ठाउँमा
बास बस्न सक्छु,
रूखको हाँगोमा गुँढ़ लाएर
आफ्ना बच्चाहरूको
लालन-पालन र जगेड़ा गर्न सक्छु,
अब आफ्नै भाका र लयमा बोल्न सक्छु,
गाउन र नाँच्न सक्छु!

वारि-पारि, तल-माथि, लेक-बेंसी
जता पनि जान-आउन सक्छु!
कुनै सीमाना र बार अब रहेन
टिस्टाको पानी धमिलो बग्दैछ भन्न सक्छु!
रंगीतको पानी कहाँ उकालो बग्दैछ!
प्रतिवाद गर्न सक्छु!

टेन्डोङ र मैनाममा डड़ेलो सल्कँदैछ,

जंगल जल्दैछ
सबैलाई सूचित गर्ने
मलाई आजादी छ!
कालोलाई ‘कालो’ र
सेतोलाई ‘सेतो’ अनि
पत्थर र फूल के हो?
छुट्याउन सक्छु।
म साँचो भन्न सक्छु -
मेरो लागि सत्य समान महान्
यो संसारमा केही छैन,
गरीबको सेवा समान
ईश्वरको पूजा अर्को छैन,
आफ्नो पराय कोही छैन
र संसार नै आफ्नो सोंच्छु!
र त्यो पनि मेरो लागि नभएर
मान्छेकै लागि सोच्छु!
मेरा इच्छा, अभिलाषा र सपना पनि
मान्छेमात्रको लागि
स्वतंत्रता र मर्यादाको लागि हो !
मेरो अवधारणा छ –
मान्छे हुनु नै उसको स्वतंत्रता हो
र उसको अघि र पछि अथवा तल र माथि
कोही ठूला र सानो छैन,
घरभित्र र बाहिर छैन,

पर्खाल वारि-पारि छैन,
कोही भिक्षा दिने र
कोही लिने पनि छैन।
मान्छे हुनु नै सबभन्दा ठूलो उसको अधिकार हो !

तर –
पिंजरामा मैनाले
मीठो खाएको र ऐश-आराम छ भन्ने
भ्रममा परेकाहरूको मात्र हो - यो संसार
आत्म-सम्मान र स्वाभिमान बेचुवाहरूको
मात्र रहेछ - यो संसार!
बिचरा,
पिंजराको मैनाको जिवाइ
र भोगाइ
सीताराम भन्नुपर्ने बाध्यता
मान्छे नामको प्राणीले के बुझोस्!
उसका इच्छा, आकांक्षा र मर्यादाको
हनन् भएको देखेर,
मान्छेको निर्दयता र
कठोरतालाई देखेर,
मान्छेको पाषाण हृदय र
दानवतालाई देखेर;
मान्छेलाई मान्छेले बलि चढ़ाएको देखेर
बुद्ध रूँदै होलान्!
सृष्टिकर्ता स्वयम् पश्चाताप गर्दै होलान्!

तर मान्छे नामका प्राणीहरू भने
आफ्नै भविष्यको चिता तापेर
आफ्नै जलेको आगो तापेर
आफ्नै भविष्यको चिहानमा मस्त निदाएका छन्!
आफ्नै नानीहरूको गलामा पासो लगाएर
भविष्यलाई 'क्रूसिफाइड' गरेका छन्।

आजकल –
घर र बस्तीमा जंगलहरूमा
आफूजस्तै मान्छेसँग डराएर
मान्छे नामको प्राणीमात्र
यस संसारमा
आफ्नो बोली बोल्न पनि डराउँदा रहेछन्।
आफ्नै आवाज र भाकामा
बाँच्न र हाँस्न पनि डराउँदा रहेछन्!
र आजकल यो बस्तीको जंगल पनि
साह्रै निष्पट्ट भइसक्यो!
कति साँधुरो भइसक्यो!
मान्छेको मनको बाटो!
कति अन्धकार भइसक्यो
मान्छेको विचारको माटो!
हिजोसम्म
म पनि यही जंगलभित्र
अन्धकारमा भौतिरिंदै थिएँ

र निस्सासिएर बाँच्दै थिएँ!
तर आज पाएको मुक्तिको घोषणा पत्रले
अन्धकार जंगलदेखि
पाप र छल-कपटको दल-दलबाट
मैले बैतर्नी तरें।

अब म स्वतंत्र र स्वच्छ छु —
विचारले, मनले, सिद्धान्तले, नीतिले,
नैतिकताले, मानवताले
र तिम्रो मुक्तिको लागि अब म लड्न सक्छु!
मेरो जन्मभूमिको लागि
अब म निर्धक्क
मरिदिन, उत्सर्गित भइदिन सक्छु!

## टिस्टा अझै धमिलो बग्दैछ

पानी परेको छैन, घाम लाग्दैछ,
हिंउदे दिन हो – धूलो उड्दैछ आकासमा
चारैति सुखा खड़ेरी लागेकोले
आकासलाई तँवालोले ढाकेको छ
र नै धरतीमा
अन्न-बाली नष्ट भएर गएको च।

किसान र मजदूरहरूलाई,
हद्भोगी जनतालाई,
अनिकाल लागेको छ;
अभाव र असुरक्षाले सताएको छ।

खड़ेरी लागेको छ आकासमा पनि
पानी, खोला-नाला र
झरनाहरू सुकेका छन्, किनकि
आकास सुखौरो भएको छ!
तरै पनि किन हो,
टिस्टा आज पनि
धमिलै बग्दैछ!

टिस्टाको शिरमा
या त कहाँ पनि हुनसक्छ –
भित्र-भित्रै जमीन धस्किंदै छ,

र पहिरो जाँदैछ;
किनभने, हिलो-माटो र फूलका बिरूवाहरू,
यहाँको मलिलो माटो,
धुपीका हरिया रूखहरू,
हिमालको स्निग्ध र सौम्य-सौन्दर्य
यी पहाड़-पर्वतसँगै
टिस्टामा बगेर जाँदैछन्;
र टिस्टा धमिलो बग्दैछ.........

यहाँका भञ्याङ र देउरालीहरूमा
कत्ति युगहरू बास बसेर गइसके
कत्ति पुस्ताहरू हाम्रा पुर्खाका
आएर यहाँ गइसके
तर टिस्टा आज पनि धमिलो बग्दैछ!

मेरा पुर्खाका बलिदानहरू,
मेरा पुर्खाका कामनाहरू,
आराधना र अर्चनाहरू,
यहाँका देवी-देवताले
सुनेनन् कि कसो;
जसलाई त्यसै निम्ति उनीहरूले
स्थापना गरेका थिए,
चिन्नै नसकिने गरी यहाँ
मेरा पुर्खाका आकांक्षा र इच्छाहरू –
आज पनि टिस्टाको धमिलो पानी भएर

मेरो प्रतिविम्ब पानीमा
आफ्नो अनुहार दिख्दिनँ र अतालिन्छु म!

हो; मेरा पुर्खाका सपनाहरू
त्यो पानी कहाँ अल्मलिएको छ,
अथवा कुन गोहीको मुखमा परेको छ,
मलाई थाहा छैन।
तर म भन्न सक्छु –
मेरा पुर्खाका सपनाहरू
यही धमिलो टिस्टा भएर बग्दैछन्!
धमिलो टिस्टाको स्वरूप नै
हिजो र हामी हुनुको इतिहास हो
र हाम्रो दुर्भाग्यको कथा हो!
टिस्टा संगालिएको छैन, र
टिस्टाको पानी संगलो पार्छु भनेर
धेरै माझीहरू आए यहाँ,
अनि आफ्नो किराया थापेर गए,
तर झन् टिस्टालाई
सफा होइन धमिल्याएर नै गए,
मैला र फोहोर थपेर नै गए।
'फिल्टर' गरेर टिस्टालाई
संगलो पार्ने दुःसाहस पनि गरे
तर टिस्टा आज पनि धमिलै
बगिरहेछ.......

यसैले

यसको पानीमा –

माछा र गोही चिन्न सकिंदैन,

रार र दिन छुट्याउन सकिंदैन,

कालो र सेतो भन्न सकिंदैन

माछाको रंग र आकार कस्तो छ?

भन्न सकिंदैन!

मान्छेले गोही चिन्न र

ठिम्याउन सक्तैन,

र गोहीले माछाहरूलाई

सजिलैसँग एक-एक गरेर खाइरहेछ,

कदाचित्, ब्रह्मपुत्रका, कोशीका

र हिन्द-महासागरका समेत गोहीहरू

टिस्टा नदीमा आउन थलिसके आजकल।

किनकि

यसको पानी धमिलो बहेकोले

आफ्नो आहार जुटाउन

गोहीलाई सजिलो पर्दोरहेछ!

धमिलो पानीको आड्मा यसरी

यहाँ गोहीहरूको राज छ,

अन्जान टिस्टाका माछाहरू

शनैःशनैः गोहीको चारो भइरहेछन्।

यसो हो भने यहाँका माछाहरू
एक दिन निमिट्यान्न भएर सिद्धिने छन्,
र टिस्टाको माछाको कथा
दन्त्य कथा झैं हुनेछ!

मलाई डर लाग्दैछ –
किनकि गोहीहरू
डरलाग्दा मुख र दाह्राहरू बोकेर
यस नदीमा आइरहेछन्,
र एक दिन टिस्टा नदीमा
गोहीहरू मत्र हुन्छन्!
र पनि माछाहरूलाई थाहा छैन,
टिस्टा नदीका गोहीहरूलाई
अझै चिन्न सकेका छैनन्
किनकि टिस्टा धमिलो बग्दैछ......।

तर आजकल
आकासतिर नियालेर हेर्छु –
आकासमा कालो बादल आएको छ,
बिजुली चम्कन थालेको छ,
म सुन्दै छु –
कता-कता मेघ पनि गर्जन थालिसकेको छ।
अब कुनै पनि क्षण अवश्य पनि
ठूलो दर्के पानी बर्सिने छ,

र सुखौरो लागेर सुकेका
खोला-नाला र झरनाहरू
बग्न थाल्ने छन्,
पाखा-पखेरा भिजेर
लह-लह भएर अन्न-बाली
पलाउने छन्, फुल्ने छन् र फल्ने छन्,
चाँप-गुराँस सहित
अनेकौं रूख-पातमा
नयाँ पालुवा आउने छन् र
फूल फुल्ने छन्,
वारि-पारि हरियाली छाउने छ,
र यसै रमाइलो जंगलमा
चरा-चुरूङ्गी रमाउने छन्, गाउने छन्,
नाच्ने छन्,
फूलको रसहरूमा झम्ने छन् —
साँइली र बीरे
बनै थर्काएर गाउने छन्!
पानी बर्सेर स्वच्छ आकासबाट
सबै खोला-नाला र झरनाहरू उर्लिने छन्,
अनि टिस्टाको यो धमिलो पानीलाई
अझ मन्थनेर संगलो पारी लाने छ।
टिस्टामा पनि
ल्याउ लागेर,
बसेका फोहोरहरूलाई,
जबर्जस्ती जमीन खोजेको

दुषित तुल्याउने तत्त्वहरूलाई
सबै बगाएर लाने छ।

यही धमिलो नदीको पानीमा
साम्राज्य स्थापित गरेर
बस्ने गोहीहरूलाई पनि
विस्थापित गरिदिनेछ
र यसरी युग-युगदेखि
धमिलो टिस्टाको पानी
संगलिएर बग्नेछ,
तर अफसोस;
आज पनि टिस्टा
धमिलै बग्दैछ.....।

## आमाको वियोगमा

एकाबिहानै यसरी अचानक
कता गईन्?
कसैले छक्काएर लग्यो कि,
विपद्‌मा कतै गईन् कि!

निद्राबाट ब्यूँझदा म
ओछ्यानमात्र थियो आमाको
यसरी? अल्येजस्तै भई हाम्री आमा!
आँखा खोल्दा
मेरो विश्वासको आकास
धरतीमा झरिसकेको थियो,
चारैतिर हेरें मैले
धुपी र सल्लाका रूखहरू स्तब्ध थिए,
चाँप र गुराँसका फूलहरू अश्रुपूर्ण नेत्रले
मलाई नै हेरिरहेका थिए,
टिस्टा र रंगीत औधि धमिलो
अविरल बगिरहेका थिए......।

पूर्ण सन्नाटा
र आमाको अनुपस्थिति!
आमा कुनै भेलमा परेर
टिस्टा हुँदै गंगामा पुगिन् कि,
गगनचुम्बी महल र अतब्बे जंगलमा पो हराइन् कि,
कि आफ्नै छोरा सम्झेर

सबैका छोरालाई आफ्नो भन्दा धोका त भएन?

इतिहासको मेरो
मुर्छना-अवस्थाको छट्पटिबाट जन्मेका
नाना शंका र उपशंकाहरूले मलाई
प्रश्न गर्दैछन् –
खोई, हाम्री आमा कहाँ छिन्?
मेरो आत्मालाई
विगत र वर्तमानको इतिहासका कैड़ाहरूले
सोधिरहेछन् –
तिम्री आमा खोई? भनेर।
मलाई प्रश्नको चक्रव्यूभित्र देखेर
मेरो भविष्यले अट्टहास गर्दैछ।
तर नियस चक्रव्यूहबाट
मेरो मुक्तिको लागि –
प्रार्थना र आराधना गर्ने आवाजहरू पनि
मेरो छात्तीमा नै सीमित रहे।

म बोल्न सक्तिनँ
मेरो आवाज,
किनकि मेरो आवाज
समेटिएर ढुक्ढुकीमात्र भएको छ;
र म अनुभवमात्र गर्छु, गर्न सक्छु;
मेरो हुनुको बोध पनि भयभीत

अनुभव गर्दैछु।
मेरो हक र अधिकार भन्ने
आफ्नी आमाको माया पनि
केवल सम्झनामा बाँचेको
वेदनामात्र भएको अनुभूति हुँदैछ,
किन हो मलाई?

हामी यहाँ,
हाम्रै अनुहारहरूबाट ठगिएका छौं,
हाम्रै आवाजसँग झुक्किएका छौं;
साँचो हो –
आमा कतै गईन!
तर –
-कहाँ गईन्?
-किन गईन्?
-कसरी गईन्?
आज हामी त सद्दे टुहुरा-टुहुरी भयौं!
हामी असुरक्षित भयौं,
हामी साह्रै रोयौं,
हामी साह्रै करायौं,
प्रार्थना र आराधना गर्‍यौं –
चित्कार र क्रन्दनको भाकामा आफूलाई, फोयौं,
बिलौना गर्‍यौं,
तर सुनेनन् कसैले!

आँखा भई-भई अन्धाहरू
र कान भई-भई बहिराहरूको
यो बस्तीबाट
तिमी कुन संसारमा पुग्यौं,
कुन महाकाशको कहाँनेर छौ?
किन कुन लोकमा छौ?
किन कुन संसारमा कैद छौ?
तिमीलाई आमा,
म यो शून्यतामा खोज्दैछु;
इतिहासका अलेख पृष्ठहरूमा
तिमीलाई पढ्दैछु,
भोलि जन्मिने नानीहरूको चित्कारहरूमा
तिमीलाई खोज्दैछु;
किसान-मजदूरका लुटिएका पसीनाहरूमा
र दिनभरि भविष्यको भिक्षा मागेर
बेकारी युवाहरूको थाकेका सपनाहरूमा
तिमीलाई खोज्दैछु;
हो, भविष्यको कलिलो अनुहारमा
तिमीलाई खोज्दैछु।
किनभने –
आजकल हामी लाचार भइसक्यौं।
अर्काकी आमालाई आमा भन्नु पर्छ हामीले,
आमाको सम्बोधन र
महानतालाई पनि बुझ्दैनन्,
यहाँ त –

छोराको सट्टा हामीलाई मोरा भन्दैछन्!
हामी साह्रै त्रसित भइसक्यौं, आमा!
हाम्रो घरमा त नचिनिने
र डरलाग्दा थुप्रै-थुप्रै मान्छेहरू
आएर बास बसिसके,
अड्डा जमाइसके।
आजकल त हाम्रो घर
खचाखच भइसक्यो,
हाम्रो घर पनि के भन्नु र,
यो त अर्काकै भइसक्यो!
र, हामी भएभरको आवाजमा
कराउन चाहन्छौ आमा –
'यो घर हाम्रो हो !' भनेर
म त सुमसुमाई बस्छु!
यसरी विवशता र बाध्यताको सड़कमा
समयको थपेड़ा सहँदै
घस्रिरहेछु म –
प्रत्येक पललाई पछिल्तिर धकेल्दै।
हिजो तिमी हुँदा झैं हाम्रो घर
स्वच्छ र खुल्ला कहाँ छ र
खचाखच मैला भइसक्यो!
हाम्रो फूलबारी र पेटीहरूमा
फोहोर र मैला भरिसक्यो।
पहिला झैं बाबरी र चितुचाङ्गेको वासना होइन,

कुहे-सड़ेको दुर्गन्धले
सारा वातावरण नै यो ग्रस्त भइसक्यो।
हामी त निःसासिसकेका छौं......
हाम्रा अन्न-बाली –
धान, मकै, कोदो, फापर;
साग-सब्जी पनि
सिद्धिसक्यो,
खेत-बारी पनि सुखौरो र रूखओ भइसक्यो,
हामी यी सब देखिरहेका छौ;
तर बोल्नसक्नु हामी कसरी?
हाम्रो आवाज धरि आफ्नो केही छैन।
यसैले सहनु नै हाम्रो धर्म,
जे दिन्छ त्यही लिनु नै अधिकार
मानेका छौं यहाँ त हामीले।
यसैले लाग्छ –
पराइ आमाले
हाम्रो कनै कुरा नबुझ्दो रहेछ,
हाम्रो गुन्द्रुक, सिन्की र भकिमलोको अचारको स्वाद,
लाडस्या, सोज्या र छ्याङ पनि नबुझ्दो रहेछ,
दशैं, तिहार र लोसोङ नबुझ्दो रहेछ,
भाइटिकार पाङलाब्सोलको अर्थ नजान्दो रहेछ!
तिमी फर्केर आएनौ भने त
एक दिन हामीले पनि यी सब हाम्रा कुरा
यो नयाँ आमाले जस्तै

नबुझ्ने र नजान्ने हुने छौं।
अनि हामी मात्र होइन
हाम्रा कञ्चनजंघा र टिस्ट-रंगीतले पनि
डाँको छोड्नेछन्,
चाँप-गुराँस र धुपीहरू
सबै यहाँ सुँकसुँगकाउनेछन्,
गोम्पा र देवीथानहरू सबै रूने छन्।
तिमी गएपछि आमा,
तिमीलाई खोजेर ल्याउँछु,
फर्काएर ल्याउँछु भनेर
धेरै मान्छेहरू अगुवा भई यहाँ तम्से,
गोम्पा, मन्दिर र देवीथानहरू सबै रूने छन्।
तिमी गएपछि आमा,
तिमीलाई खोजेर ल्याउँछु,
फर्काए ल्याउँछु भनेर
धेरै मान्छेहरू अगुवा भई यहाँ तम्से,
गोम्प, मन्दिर र देवीथानहरूमा
कमस खाएर हाम्रो विश्वास जिते,
कञ्चजंघालाई साक्षी राखेर
घर-घरमा घुमे,
तिम्रो नामको कसम खाएर –
तिमीलाई हरेर लाने पापीहरूलाई
सजाय दिने छु,
अनि तिम्री आमालाई –

हाम्री आमालाई फर्काएर ल्याउने छु भने।

हामी आत्मविभोर भयौं –

तिनलाई हामीले प्रेम गर्‍यौं,

विश्वास दियौं,

र तिम्रा भए-भरका गर –गहना

सबै लगेर गए ती मान्छेहरू।

तर न ती मान्छे फर्के,

नत तिमी नै फर्क्यौं!

तिनीहरूले त तिम्रा सबै

गर-गहनासमेत

बेचेर खाए।

रावणलाई विजय गरेर

तिमीलाई फर्काएर ल्याउने

र राम भइटोपल्ने ती मान्छेहरू नै आजकल

रावणका सुसारे भएका छन् यहाँ।

रावणसँग मिलेर एउटा सानो टापूमा

'मिनी-लंका' स्थापित गरेका छन्।

तिनले त्यो बक्सिस पाएको `रे

हाम्री आमालाई लंकाबाट फर्काउनु त होइन

तिनले त दामकाम पो मिलाए `रे

हरेर लगेको हाम्री आमालाई

उतै पूरै जिम्मा लगाए `रे

हामीले देखेका –

ती मान्छेहरू त अरू कोही न भएर

विभीषण, जयचन्द मीरजाफर पो रहेछन्!

यसरी आमा,
तिम्रो माया र ममतामा,
हामीलाई तिम्रो नाममा
धेरै पापाहरूले धोका दिएर,
तिम्रो नाममा व्यापार गर्नेहरूले
आजकल हामीलाई नै पसलमा राखेरका छन्।
हामी त चालै नपाई कतिपल्ट बिक्री भइसकेछौं,
हामीलाई त कति मालिकले
बेच-बिखान गरी सके,
हामी त लाल-बजारको सब्जी जस्तै
कि त, डिस्टीलेरिजको रक्सी जस्तै
'वान्टेड वायर हाउस' भइसक्यौं!
आमा, हामी त के भइसक्यौं!
हामी त आफै नचिनिने भइसक्यौं!
हामीले चाल पायौं —
तिमी नहुँदा हामी त साँच्चै सद्दे टुहुरा भइसक्यौं।

किन हो? —
आजकल त हामीलाई साह्रै डर लाग्ने गर्छ —
आकासमा उड्दै गरेको हावाजहाजले
हाम्रो टाउकोमाथि बम खसाल्छ कि भनेर,
मान्छेहरू देख्दा पनि हंसले ठाउँ छोड्छ

यसले पनि धोका दिन्छ कि भनेर।
यसैले आमा;
आजकल त हामी गोम्पाका मूर्तिहरू जस्तो
चूपचार र निश्चल भएका छौं,
कराउने, खाने सल्बलाउनेहरू त
अरू नै भएका छन्;
हामी त मूक-दर्शक मात्र भएका छौं,
गोम्पाका मूर्ति झैं निर्जीव भएका छौं।
तिम्रो नामको मूर्ति स्थपना गर्नेहरु पनि
यहाँ धेरै भइसके,
ती सबै नै अरू नै छन्....
हामी त निर्जीव झैं भएका छौं।
हाम्रा देवी-देवताहरू त सबै यहाँ
पाषण-मूर्ति भइसके
तिम्रो अनुपस्थितिमा हामी यिनैलाई पूज्ने गर्छौं
र हामी त यहाँ तोर्मा भइसक्यौं –
फगत, तोर्मा,
सो पनि मन्साइनलाई!
यसैले आमा,
तिमी कहाँ छौ?
कुन शून्यता र महाकाशमा छौ?
तिमी जहाँ भए पनि फर्केर झट्टै आऊ,
यहाँ आइदेऊ;
धुपी र सुनाखरी तिम्रै प्रतीक्षामा छन्,

टिस्टा र रंगीत तिम्रै प्रतीक्षामा बहँदै छन्,
कञ्चजंघा तिम्रै प्रतीक्षामा धवल-अटल छ!

यसरी धेरै रातहरू बितेर गइसके
आजको पनि यहाँ।
उज्यालो खसिसक्यो,
धेरै ऋतु परिवर्तन भई फूलहरू फुलिसके,
चराहरूले भाका फेरि सके,
प्रत्येक रूखमा पालुवा लागिसके,
तर तिमी भने आइनौ आमा!
अझ पनि आइनौ किन?
बिछोड्पछि मिलन हुन्छ भने,
रातपछि यसरी नै यो बिहान हुन्छ भने –
आमा, हाम्रो मिलन नहुने हो त?
के तिमी अब कहिल्यै नफर्किने नै भयौ र?